# अध्याय-१

## परिचय

### १.१. अध्ययनको पृष्ठभूमि

सुन्दर देश नेपाल विभिन्न जातजाति,भाषाभाषी अनी अनेकौ सस्कृतिले भरिएको देश प्राचीनकालदेखि नै विभिन्न जातिका भाषा,धर्म र सस्कृतिको सङगम स्थल हो । यही बहुजातइी,बहुधार्मिक,बहुसांस्कृतिक,बहुभाषिक संरचनाले नेपाली समाज बनेको छ । विविधता नै नेपाली समाजको गौरव,राष्ट्रकै गरिमा महसुस गरी नेपालको अन्तरिम संविधान,२०६३ को धारा ३५ (१०) मा राज्यले शिक्षा,स्वास्थ्य,आवास,खाध्य सम्प्रभुत्ता र रोजगारी क्षेत्रमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक र सामाजिक रुपले पिछडिएका आदिवासी,जनजाति,मधेशी,दलित लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्वन गर्ने उल्लेख छ । अन्तरिम संविधान,२०६३ को धारा ३५ (१०)

आफनो मातृभाषा र परम्परा,रीतिरिवाज छुटटै सामाजिक संरचना लिखित एंव अलिखित इतिहास भएको अनुसुची बमेजिमको जाति वा समुदाय नै आदिवासि/जनजाति हुन् (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८)

जनगणना २०६८ अनुसार ५९ जनजातिहरुमा राई पनि एक जनजाति अर्न्तरर्गत पर्दछ । २०६८ को जनगणना अनुसार राईको जनसंख्या ६,२०,००४ रहेको छ ।

राई शब्द “राय” बाट उत्पन्न भएको भन्ने ऐतिहासिक ग्रन्थमा उल्लेख भएको छ । “राय”शब्दको अर्थ  राजखानदान,शासकवर्ग हुन्छ । पृथ्वीनारायण शाहले किरात प्रदेश अधीनस्थ गरेपछि लिम्बुवानका मुख्य व्यक्तिलाई सुब्बा र माझ किरातलाई राई पदविसहित स्थानइी प्रशासनिक अधिकार दिएका थिए (शर्मा २०४९) आधुनिक नेपालको निर्माणपछि चाहि किरातहरु राई उपनामद्धारा विभुषित हुन् सुरु गरे भन्न सकिन्छ ।

नेपालमा २.३ प्रतिशत राई जाति बसोबास गर्दछन् । राई भित्र पनि विभिन्न थर हुन्छन् जस्तै बान्तावा, चामलिङ्ग, थुलुङ्ग, कोयु आदि । आफना पूर्खाका रुपमा सुम्निमाङ र पारुहाङ (शिवपार्वती) मान्ने तथा उभौली र उधौली जस्ता प्रमुख पर्व राई जातिमा रहेको छ । गुरुलाई ङोपा र धर्मग्रन्थलाई मुन्धुम भन्ने राई जातिको चन्डी पूजा ठुलो सांस्कृतिक पर्व हो । चालचलन,रीतिरिवाज,धर्म,सस्कृतिले सम्पन्न भए पनि सामाजिक र आर्थिक अवस्था तुलनात्मक रुपले कमजोर देखिन्छ । तसर्थ नेपालका पूर्वी पहाडी जिल्ला इलाम शान्तिडाँडा गा.वि.स मा बसोवास गर्ने बान्तावा राई जातिको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२. समस्याको कथन

नेपालका समाजशास्त्री र मानवशास्त्रीहरुका लागि राई जाति एउटा नयाँ विषयवस्तु होइन । समाजशास्त्री तथा मानवशास्त्री डोर बहादुर विष्ट (२०५५), ले राईको उत्पति सामाजिक, आर्थिक, सांस्कृतिक, रीतिरिवाजको बारेमा सम्रग देशभरिका राईहरुलाई समेटने गरी अध्ययन गरेका छन् । तर यो अध्ययनमा इलाम जिल्लाको शान्तिडाँडमा बस्ने बान्तावा राईहरुको मात्र अध्ययन गरिएको छ । जसमा मुख्य रुपमा त्यस ठाउँमा वसोवास गर्ने बान्तवा राई जातिको सामाजिक तथा आर्थिक अवस्थालाई केन्द्र विन्दु मान्दै सुक्ष्म ढंगबाट बान्तावा राई जातिलाई बुझ्ने प्रयास गरिएको छ ।

समाज परिवर्तनका कममा बान्तवा राईको सामाजिक प्रक्रियाहरु कसरी सञ्चालन भइरहेका छन् । आधुनिक प्रविधिको विकासले सामाजिक,आर्थिक सरचनामा अवस्यनै प्रभाव छाड्छ यस्तो अवस्थामा बान्तावा राईको  सामाजिक,आर्थिक अवस्था कस्तो रहेको छ भन्ने कुराको अध्ययन गर्ने प्रयास गरिएको छ ।

इलाम जिल्लाको सदरमुकाम इलाम बजारवाट करिव १० कि.मि. पश्चिममा अवस्थित शान्तिडाँडा गाविसको आफ्नै ऐतिहासिक पृष्टभूमि रहेको छ । यस गाविसको कुल जनसंख्या ५६७१ रहेको छ । (घरधुरी सर्वेक्षण २०६७) जसमध्ये राईको जनसंख्या १६६५ छ र वडा न. ३ मा जम्मा २९२ जना बसोबास गर्छन् । शिसुवामा बसोबास गर्ने बान्तावा राईको सामाजिक

तथा आर्थिक स्थितिको अध्ययन अनुसन्धान वर्तमान समयसम्म भएको पाइँदैन । उनीहरुसँग सम्बन्धित अध्ययन समस्यालाई विश्लेषण गर्दै विविध प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

बसोवास गर्ने बान्तावा राईहरुको आफनै भाषा,सस्कृति परम्परा र रहनसहन रहेको छ । वदलिदो विकासको कमसँगै समग्र रुपमा समाजमा आउने जीवन पद्यतिले पनि यस समुदायलाई प्रशस्त मात्रामा असर पारेको छ । यसकारण उनीहरुको जीवन पद्दतिमा खासगरी आर्थिक,समाजिक,पक्षको बारेमा निम्न अध्ययन गर्नु अति महत्वपूर्ण देखिएको छ ।

- बान्तावा राईको पारिवारिक स्थिति के कस्तो छ ?
- बान्तावा राईको पेशा के कस्तो छ ?
- बान्तावा राईको जीविकोपार्जनका स्रोतहरु के के छन् ?
- बान्तावा राईको आर्थिक अवस्था के कस्तो छ ?
- बान्तावा राईको सामाजिक अवस्था के कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्य

यो अध्ययन इलाम जिल्लाको शान्तिडाँडा गाविसको वडा नं ३ शिसुवामा बसोबास गर्ने बान्तावा राई जातिको सामाजिक तथा आर्थिक पक्षको जानकारी लिने उद्देश्यले यो अध्ययन गरिएको हो । यसका निम्न उद्देश्यहरु रहेका छन्ः-

- किरात समाजभित्र बान्तवा राई जातिको परिचय तथा उत्पति बारे अध्ययन गर्ने ।
- बान्तावा राईहरूको सामाजिक पक्षलाई वर्णन गर्ने ।
- बान्तावा राईहरुको आर्थिक स्थितिलाई वर्णन गर्ने ।

## १.४. अध्ययनको महत्व

नेपाल एक बहुजातइी मुलुक भएकोले यसभित्र रहेका प्रत्येक जाति तथा जनजातिहरुको आ-आफनो स्वाभिमान र जातइी पहिचान रहेको छ । जातइी विविधता भित्र राष्ट्रिय एकता हाम्रो मुलुकको विशेषता हो । राष्ट्रको वास्तविकतालाई हेर्ने हो भने राष्ट्रमा बसोबास गर्ने विभिन्न जातजातिहरूको सामाजिक आर्थिक सांस्कृतिक, राजनैतिक र शैक्षिक पक्षको अध्ययन गरी प्रकाशनमा ल्याउन नितान्त जरुरी देखिन्छ । राष्ट्रको विकासका लागि प्रत्येक जनजातिहरुको  सामाजिक, आर्थिक, धार्मिक  पक्षको अध्ययन गरी  वास्तविकता प्रकाशमा ल्यएर समुन्नत विकासको लागि आवश्यक पहल गरेमा मात्र नेपालीहरुको उन्नति हुने् भएको हुदा यस अध्ययनले बान्तावा राईहरुको निम्ति एउटा खुढकिलोको काम गर्ने छ ।

विभिन्न जातजातिले सजिएको हाम्रो देश नेपालमा यी बान्तावा राई जातिको पृथक अध्ययन र अनुसन्धान हुनु अनिर्वाय छ । नेपाल अधिराज्यको विभिन्न भाग लगायत विश्वको विभिन्न देशमा समेत बसोबास गर्ने बान्तावा राईहरुको बारेमा अध्ययन गर्नु  एक महत्वपूर्ण विषय रहेको छ । यस शान्तिडाँडा ३ शिसुवामा बसोबास गर्ने बान्तावा राईहरुको हालसम्म जे जति खोज अनुसन्धान ज्यादै न्युन भएको छ । त्यसैले यस जातिको बारेमा खोज गर्नु अत्यान्त महत्वपूर्ण विषय भएकोले प्रस्तुत अध्ययन इलाम जिल्ला अन्तर्गत शान्तिडाँडा ३ शिसुवामा बस्दै आइरहेका बान्तावा राई जातिको सामाजिक,आर्थिक पक्षमा केन्द्रित रहेको छ ।

यस अनुसन्धानमा शान्तिडाँडा ३ शिसुवामा बस्ने बान्तावा राई जातिको सामाजिक, आर्थिक  पद्धतिको बारेमा अध्ययन गर्ने प्रयास गरिएको छ । यो अनुसन्धान सैद्धान्तिक र अनुसन्धात्मक पद्धति दुवै दृष्टिकोणबाट आफैमा महत्वपूर्ण छ । यस अध्ययनले समाजशास्त्रइी/मानवशास्त्रइी अध्ययनमा सहयोग पु-याउनुका साथै यस जातिको सामाजिक,आर्थिक परम्परालाई परिचय गराई उनीहरुको जीवन पद्वतिमा आएको परिवर्तनको बारेमा वुझ्न मद्दत पुऱ्याउछ । यस अध्ययनले बान्तावा राई जातिको  वास्तविक जीवनपद्वतिको वारेमा अध्ययन गर्न खोज्नेका लागि यो एउटा महत्वपूर्ण श्रोत हुन् सक्छ ।

## १.५. अध्ययनको संङगठन

अध्याय एकमा पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उदेश्य, अध्ययनको महत्व समावेश गरिएको छ । त्यसैगरी अध्याय दुईमा साहित्य पुनरावलोकन,पूर्व अध्ययनको पुनवरालोकन समावेश गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । जसमा अध्ययन क्षेत्रको छनौटको औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्कको सोत र प्रकृति, समग्रता र नमुना विधि, तथ्याङ्क संकलनका विधिहरु, घरधुरी सर्वेक्षण विधि, प्रमुख जानकार व्यक्तिको अन्तरवार्ता, अवलोकन विधि, द्वितिय तथ्याङ्क संकलन विधि, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण र अध्ययनका सीमा समावेश गरिएको छ । अध्याय चारमा अध्ययनको क्षेत्र र जातिको सामान्य परिचय, रहनसहन र वसोवास ,शिक्षा, जनसंख्याकको अवस्था समावेश गरिएको छ । अध्याय पाँचमा सामाजिक अवस्था शीर्षकमा अध्ययन क्षेत्रका बान्तावा राई जातिको जनसंख्या, परिवारको किसिम, वैवाहिक स्थिति, शिक्षा र स्वास्थ्य स्थिति आदिको अध्ययन गरिएको छ । अध्याय छ मा आर्थिक अवस्था अन्तरगर्त पेशा, पशुपालन, भूस्वामित्वको स्थिति, खाध्ययनको पर्याप्तता आदिको अध्ययन गरिएको छ । अध्याय सातमा सारांश र निष्कर्ष राखिएको छ ।

# दोश्रो अध्याय

## साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक पुनवरालोकन

नेपाल जनजातइी अध्ययन र अनुसन्धानको निम्ति उर्वरभूमि हो । २००७ सालमा राणा शासनको अन्त्यसँगै नेपालमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएपछि स्वदेशी तथा विदेशी विद्धानहरुबाट समाजशास्त्रइी तथा मानवशास्त्रइी दृष्टिकोण जनजाति सम्बन्धी अध्ययनमा चासो देखाइयो २००७ साल भन्दा पहिला पनि यात्री, व्यापारी, धर्म प्रचारक नियोगका कर्मचारीहरुले नेपालका सांस्कृतिक आर्थिक धार्मिक पक्षहरुको अध्ययन गरेका थिए ।

औपनिवेश अवधि अर्थात बीसौं शताब्दीको पूर्वाद्धमा इष्ट इन्डिया कम्पनीका अधिकृतहरुको आगमनसगै kirk Patrick नेपाल आए । उनले भूगोल, धातु, खनिज, बालीनाली मानवका सम्वन्धमा तथ्यहरुको संकलन गर्नुको साथै धार्मिक पर्व जातिहरुले बोल्ने भाषा आदिको पनि संकलन गरे । Hamiltion,Hodgson,भाषाहरुको निबन्धहरु र Literature and Religion of Nepal and Tibet Together with Further papers in the Goopraphy, EthooLgy and Commerce of those contries सन १८६४ मा प्रकाशित भयो । सन १९५० पूर्व Haimendorf, Mandelbaun / Elwin ले विभिन्न जातिहरुको अध्ययन गरे । सन १९५० पछि Haimendorf ले धर्म, जातइी स्तरीकरण, नातेदारी, विवाह, सामाजिक संरचना, भूमि व्यवस्था, अर्थव्यवस्था, नैतिकता आदि समावेश लेख रचना पुस्तकहरु प्रकाशन गरे (अर्याल, २०६७) ।

आदिवासी जनजाति उत्थान, राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाति भन्नाले आफनो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको भएको जाति वा समुदायलाई सम्झनुपर्छ । जनजाति भन्नाले हिन्दुवर्णाश्रम बाहिरका गैर-खैसभाषी तथा पैतृक संस्कार मान्ने जातइी समुहहरुलाई जनाउछ । (गुरुङ्ग २०६७)

नेपालको सन्दर्भमा नेपाल बहुभाषिक, बहुजातइी, बहुधार्मिक, बहुसांस्कृतिक, बहुक्षेत्रइी पृष्टभूमि भएको राज्य हो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बस्दै आएका फरक-फरक जनजातिहरुमा आफनै वैवाहिक, पारिवारिक , धार्मिक, सांस्कृतिक संरचना तथा अभ्यास रहेको छ । जीवनयापनका लागि अवलम्वन गर्ने आर्थिक प्रणाली पनि फरक फरक रहेको छ । यीनै जनजाति अन्तरर्गत पर्ने राई जाति नेपालको खास पूर्वी पहाडी भेगमा छरिएर रहेका किरातवंशका हुन् । किरातको चर्चा हिन्दु ग्रन्थहरु रामायण र माहाभारतमा पनि गरिएको छ । ग्रिकहरु पनि किरात जातिसँग परिचित थिए र उनीहरुले यस जातिलाई “किरिआडी” भन्दथे । (शर्मा,२०४९)

काठमाडौ उपत्यकादेखि पूर्वी पहाडी भागलाई धेरै पहिलादेखि नै वल्लो किरात, माझ किरात र पल्लो किरात भनिन्थ्यो । राईहरुको प्रमुख केन्द्रको अर्को नाम “खम्वुवान” भन्ने चलन छदै छ । धेरैकाल अगाडि देखि अर्थात खम्बु वंशजहरुको पितृभूमिको रुपमा परिचित रहेको छ भने पल्लो किरात अर्थात लिम्बुवान लिम्बुहरुको जो राई अर्थात खुम्बुको दाजुभाइको रुपमा मानिएका छन् । उपयुक्त विवरणले राई शब्दको सृजना हुनुभन्दा अगाडि वर्तमान राईहरु खम्बु मानिने कुरालाई सिद्द गर्दछ । यही “राई” पद जातिवाचक शब्दको रुपमा विकसित भएको हो ।

प्रपन्नचार्य किरातको प्राचीन इतिहास” (२०५१) ले किरातहरु मंगोलियाबाट आएका नभई यही नेपालका पुराना जाति हुन् भनी उल्लेख गरेका छन् ।

पाण्डेय (२०६५) राईहरुको मूलथलो पूर्वी पहाडको वल्लो किरात, पल्लो किरात र माझ किरात हो । अर्थात इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, उदयपुर, ओखलढुङगा, सोलुखुम्बु, भोजपुर, खोटाङ र धनकुटा जिल्ला किराती राईहरुको मूलथलो हो । राईहरुमा अलगअलग भाषा बोल्ने चालचलन भएका धेरै थरहरु पनि छन् । राई शब्द खासगरी कुनै जातिको नाम नभई गाँउको मुखिया ठालु जनाउने शव्द मात्र हो ।

## २.२. पूर्व अध्ययनको पुनवरालोकन

विष्ट, (1967) ले नेपालका जाति तथा जनजातीहरूको जीवन पद्धति बारेमा प्रकाश पारेका छन् । उनका अनुसार राई जातिहरु नेपालका आदिवासी जनजातिहरु हुन् । उनीहरुका

आफ्नै मौलिक सस्कृति, परम्परा, रहनसहन छ । उनका अनुसार राईहरुको घर ढुंगा र माटोले बनाएको, पूर्वतर्फ र दक्षिण तर्फ ढोका भएको दुई तले हुन्छ । जसको छानो खर र चित्रले छाएको हुन्छ । साथै यीनीहरुको लवाईखवाई, भेषभुषा, खानपान, धर्म, संस्कृति, संस्कार जस्ता कुराहरुको बारेमा उल्लेख गरेका छन् । त्यसै गरी उनका अनुसार राईहरुको विविध संस्कारहरुमा धामी (नछौं को आवश्यक पर्दछ भनि उल्लेख गरेका छन् ।

राई, (२०६१) ले आफनो एम.एको शोधपत्रमा काठमाडौं उपत्यकाका कोयी राई जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनपद्धतिको सामाजिक अध्ययन गरेका छन् । यस अध्ययनमा कोयी राई जातिको सामाजिक अवस्था भित्र जनसंख्या, रहनसहन, खानापान, भेषभुषा परिवारको किसिम, विवाह पद्धति, प्रमुख व्यवसाय र पेशा जस्ता विषयमा चर्चा गरिएको छ ।

राई (२०६५) ले आफनो एम. एको शोधपत्रमा खोटाङ जिल्ला छिरप्पु डाँडा गा.वि.स का चाम्लिङ राईहरुको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गरिएको छ । यस अध्ययन चाम्लिङ राई जातिको सामाजिक अवस्थाभित्र जनसंख्या, रहनसहन, खानपान,घरको वनोट, परिवारको किसिम, चाडपर्व, विवाह पद्धति व्यवसाय र पेसा, कृषि प्रणाली जस्ता विषयमा चर्चा गरिएको छ ।

गुरुङ (२०६७) ले आफनो एम.ए को शोधपत्रमा स्याङ्जाका गुरुङ जातिको समाजशास्त्रिइ अध्ययन गरेका छन् । यस अध्ययनमा गुरुङ जातिको सामाजिक अवस्था भित्र जनसंख्या, धर्म, पारिवारिक बनोट, सन्तानप्रतिको दृष्टिकोण, शैक्षिक स्थिति, वैवाहिक स्थिति, स्वास्थ्य जस्ता विषयमा चर्चा गरिएको छ ।

विष्ट (२०५२),का अनुसार राईहरू थाहा भएसम्म हजारौ वर्ष अगाडिदेखि यही नेपालका बासिन्दा रहेका छन् । काठमाडौं उपत्यकामा लिच्छवी शासकभन्दा पहिला किरांती राजा थिए । त्यसैले आजका नेवारमा किराँतका वंश पनि मिसिएका हुनुपर्छ भन्ने इतिहासकारहरूको तर्क छ । राईहरूको भाषा एउटै परिवार भित्रको उत्पत्तिका हिसाबले आपसमा सम्बन्धित भएता पनि एक खोलामा बाडिएका राईहरूको थर पनि अलग अलग हुन्छ । ती मध्ये एक बान्तावा राई जाति पनि एक हो ।

राई (२०५५) का अनुसार " राई लिम्वु नामलाई प्राचिन ग्रन्थ पुराण सस्कृत साहित्य वा इतिहासमा उल्लेख पाइन्छ । उनीहरु प्राचिनतम ग्रन्थहरुमा सुविख्यात 'राई लिम्वु' भन्नाले कमश खम्बु, याखा, र लिम्बु सम्मिलित जात बुझिन्छ । खम्बु र याक्खा चाहि आजकाल राई समुह भित्र पर्दछन् ।"

यसरी अहिले सम्मका अध्ययनलाई हेर्दा राईहरुको वारेमा धेरै अध्ययन भएका छन् । तर पनि शान्तिडाँडामा बस्ने बान्तावा राईहरुको बारेमा भने अध्ययन नभएकोले यस ठाउँका राईहरुको सामाजिक र आर्थिक अवस्थाको वारेमा अध्यययन गर्ने जर्मको अध्ययन कर्ताको रहेको छ । जस्तो यो ठाउँका राईहरुको के कस्तो सामाजिक संस्कार रहेको छ , आर्थिक अवस्था के कस्तो रहेको छ । भन्ने कुराको अध्ययन गर्ने प्रयास अध्ययन कर्ताको रहेको छ ।

# अध्याय-३

# अनुसन्धान पद्दति

## ३.१. अध्ययन क्षेत्र छनौटको औचित्य

यस अनुसन्धानमा नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने इलाम जिल्लाको शान्तिडाँडा अन्तर्गतको शिसुवा गाँउलाई लिएको छ । जहाँ बान्तावा राई जातिको आफनै वस्ती रहेको छ । यस अध्ययन क्षेत्र छनौटका लागि प्रस्ताव गरिनुका निम्न कारणहरु छन् ।

- यस ठाउँमा परम्परागत देखि नै बान्तावा राईहरुको आफनै वस्ती भएकोले र यो स्वयम अध्ययन कर्ताको जन्मस्थल पनि भएको हुँदा अझ यहाँको सामाजिक र आर्थिक अवस्था बुझ्न यो अध्ययन क्षेत्र उपयुक्त देखियो ।
- यस क्षेत्रमा राईहरुको एकै ठाउँमा झुरुप्प बस्ती भएको हुँदा, यहाँको सामाजिक र आर्थिक अवस्थाको बारे छरिएर रहेको राई बस्तीहरु भन्दा यथास्थिति हुन् भएकोले पनि यो स्थान मेरो अध्ययनको उदेश्यहरु प्राप्ति गर्नका लागि उपर्युक्त देखियो ।
- त्यस्तै यस क्षेत्रमा यस भन्दा अगाडि बान्तवा राई जातिको बारेमा अध्ययन अनुसन्धान नगरिएको कारणले अध्ययनको लागि स्थान उपर्युक्त देखियो ।

## ३.२. अनुसन्धान ढाँचा

यस अध्ययनका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवै विधिको प्रयोग गरिएको छ । वर्णनात्मक विधिबाट बान्तावा राई जातिको सामाजिक पक्षको बारेमा वर्णन गरिएको छ भने अन्वेषणात्मक विधिबाट यो जातिको आर्थिक पक्षको बारेमा अन्वेषण गर्ने प्रयत्न गरिएको छ।

## ३.३. तथ्याङ्क स्रोत र प्रकृति

प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा मुख्यतया प्राथमिक र द्वितइी स्रोतलाई अवलम्बन गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अन्तर्वार्ता, अवलोकन, प्रमुख

जानकार व्यक्तिसँग अन्तर्वार्ता आदिबाट अध्ययनको लागि चाहिने आवश्यक स्रोत तथा तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितइी स्रोत अन्तर्गत केन्द्रइी तथ्याङ्क विभागबाट प्रांप्त तथ्याङ्क, जिल्ला विकास, गा.वि.स बाट प्राप्त अभिलेखलाई लिइएको छ । त्यसका साथै पूर्वप्रकाशित पुस्तकहरुको आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ समग्रता र नमुना छनौट

यस अध्ययनका लागि छनोट गरिएको क्षेत्र इलाम जिल्ला शान्तिडाँडा ३ को शिसुवामा बसोबास गर्ने बान्तवा राईजातिलाई समावेश गरिएको छ । शान्तिडँडाको अन्य गा.वि.स मा राईहरुको बसोवास रहेतापनि शिसुवामा वसोवास गर्ने बान्तावा राईहरुको गाँउलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको हो । यस गाँउमा जम्मा ४४ घरधुरी रहेको थियो जसबाट ४० वटा घरधुरी नमुना सर्वेक्षणको लागि छनोट गरिएको थियो । प्रत्येक घरमा गई घरका घरमूलीहरुलाई आवश्यकता अनुसार तयार पारिएको प्रश्नावलीको आधारमा प्रश्न सोधी संख्यात्मक परिमाणात्मक तथ्याङ्कहरु संकलन गरिएको थियो । यसका साथै गुणात्मक तथ्याङ्कहरु लिन सोही जातिका विज्ञ, बुढापाका, शिक्षित व्यक्ति आदिलाई मुख्य सुचनादाताको रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनमा अनुसन्धानकर्ताले बान्तावा राई जातिको सामाजिक र आर्थिक पक्षको अध्ययन गर्दा प्राथमिक विधिहरु प्रयोग गरिएको थियो । प्राथमिक विधिहरुमा अन्तरवार्ता, अबलोकन विधि थियो भने द्वितइी तथ्याङ्क विधिमा विभिन्न पत्र-पत्रिका, पुस्तक, जर्नल, गाउँ विकास समिति (गा.वि.स.), जिल्ला विकास समिति(जि.वि.स.)आदि प्रयोग गरि तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.५.१ प्रमुख जानकार व्यक्तिहरूसँगको अन्तरवार्ता

यस अन्तवार्ता विधिमा अनुसन्धान कर्ता स्वयम राई समुदायमा गएर सर्वप्रथम त्यस गाउँको तत्कालीन गा.वि.स. सचिव तथा यसै क्षेत्रमा बसोबास गर्ने श्री केशरबहादुर राईलाई

भेटी बान्तवा राई जातिको सामाजिक तथा आर्थिक पक्षको बारेमा अध्ययन गर्न आएको जानकारी गराइएको थियो । त्यसपछि बान्तावा राई जातिको सामाजिक, आर्थिक पक्ष सम्बन्धि जिज्ञासा र छलफल गर्दै तथ्याङ्क लिएको थियो । अन्य उत्तरदाताहरुसँग भेटघाट भएको थियो । उक्त अध्ययनका क्रममा ४ जना महिला र ५ जना पुरुषहरुसँग अन्तरर्वाता लिएको थिए । उहाँहरुसंग वंशावली र सांस्कृतिक पक्षका सुचनातथा चाडपर्व, भाषा, भेषभुषा र सस्कार बारेमा सुचना संकलन गरिएको थियो । यसै समुदायका वुढापाकासँग पनि यस जातिको ऐतिहासिक पक्षको समेत जानकारी प्राप्त गरिएको थियो । अन्तर्वार्ता लिने क्रममा अनुसन्धानकर्ताले अंसरचित विधिको प्रयोग गरिएको थियो । यसले गर्दा राईजातिको सामाजिक, आर्थिक अवस्थाको बारेमा विस्तृत रुपमा बुझ्न सजिलो भएको थियो ।

### ३.५.२. अन्तरर्वार्ता

अध्ययन क्षेत्र शिसुवा गाउँको बान्तावा राई जातिको घरहरु ४० रहेको थियो । जसमा उमेर, लिङ्ग, वैवाहिक स्थिति, पेशाको बारेमा तथ्याङ्क संकलन गरेको थियो । अन्तरर्वार्ताको क्रममा प्राय घरमा बुढापाका र महिलाहरु भेटिएको थियो । वहाँहरुसँग सोधेर पारिवारिक विवरण संकलन गरिएको थियो । अन्तरवार्ताको फारम काठमाडौंमा तयार गरी लगिएको थियो । सो फारममा उल्लेखित विषयबस्तुमा केन्द्रित भएर प्रश्न सोधिएको थियो भने केही प्रश्नहरु अध्ययन क्षेत्रमा नै तयार पारिएको थियो जुन तयार गरेर लगिएको प्रश्नले मात्र आवश्यक तथ्याङक संकलन गर्न नसकिएकाले आवश्कता अनुसार केही प्रश्न तयार पारिएको थियो ।

### ३.५.३ अवलोकन विधि

यस विधिबाट अनुसन्धान कर्ताले राईहरुको घरको बनावट, उनीहरुले लगाउने पोशाक, गर-गहना, उनीहरुले परिवारमा गर्ने काम, खाना पकाउने तरिका, एकले अर्कालाई गर्ने व्यवहार जस्तै : केटा-केटी, श्रीमान-श्रीमती, बुढा-पाकाहरुको बारेमा अवलोकन गरी तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.५.४. द्वितइी तथ्याङ्क संकलन विधि

शोधकार्यमा सहायक तथ्याङ्क संकलन विधिको पनि उत्तिकै आवश्यकता पर्दछ। प्राथमिक तथ्याङ्कबाट प्राप्त नभएका तथ्याङ्कहरु सहायक तथ्याङ्कबाट प्राप्त गर्न सकिन्छ । यसको लागि बिभिन्न समाजशास्त्री/मानवशास्त्री हरुले लेखेका लेख, रचना, पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, शोधपत्र आदिलाई स्रोत मानी त्यसबाट तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ ।

## ३.६. तथ्यांकका विश्लेषण तथा प्रस्तुतीकरण

अनुसन्धान गरी संकलन गरी ल्याएका तथ्याङ्कहरुलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ । सामान्य तथ्याङ्क शास्त्रइी विधिबाट कुनै संख्यात्मक र कुनै प्रतिशतमा निकाली प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । यसै गरी गुणात्मक तथ्याङ्कहरुलाई विषय वस्तुहरुको आधारमा वर्गीकरण गरिएको छ । सोही अनुरुप तिनलाई तर्कपूर्ण विश्लेषण गरिएको तथ्याङ्कलाई लिपिबद्ध गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

बान्तावा राई जातिको सामाजिक, आर्थिक अवस्थाको अध्ययनको लागि आवश्यक श्रोत, साधन र समयको सीमिततालाई ध्यानमा राख्दै सामाजिक, आर्थिक अध्ययन गर्दा निम्न सीमाहरु रहेका छन् ।

- यो इलाम जिल्ला शान्तिडाँडा गा.वि.स. अन्तर्गतको शिसुवा गाउँमा रहेका बान्तावा राई जातिहरुको सामाजिक र आर्थिक अवस्थाको मात्र अध्ययन हो ।
- यो अध्ययन समाजशास्त्र/मानवशास्त्र स्नाकोत्तर तहको लागि आंशिक कार्य परिपूर्ति गर्न तयार पारिएको छ ।
- यो अध्ययन एउटामात्र गाँउ विकास समितिको एक वडा भित्र सिमित रहि गरिएको हुनाले यसबाट प्राप्त निष्कर्षहरु अन्य क्षेत्र र परिवेशमा मेल नहुन् सक्छ किनकि कुनै एक स्थानमा बसोवास गर्ने बान्तावा राईजातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था अन्य क्षेत्रमा बसोवास गर्ने राई जातिसँग नमिल्न सक्छ ।

# अध्याय-४

# अध्ययन क्षेत्रको परिचय

## ४.१ इलाम जिल्ला एक परिचय

इलाम जिल्ला नेपालको पूर्वाञ्चल विकासक्षेत्र अन्तरर्गत सुदुरपूर्वी पहाडी एक विकसीत जिल्ला हो । क्षेत्रफल र जनसख्याको हिसावमा ४७ औं र चौंथो स्थानमा पर्ने यो जिल्ला पूर्वमा ८७.४० देखि ८७.१० देशान्तर सम्म र उत्तरमा २६.४० देखि २७.८ अंक्षास सम्म फैलिएको छ । यो जिल्ला समुन्द्र सतहबाट ३०० मि. देखि ३६३७ मि. सम्मका उचाइमा अवस्थित छ । यस जिल्लाको पूर्व पश्चिम लम्बाई ५७ कि. मि. र उत्तर दक्षिण सरदर ४५.८ कि. मि. रहेको र जम्मा क्षेत्रफल १७०३ वर्ग कि.मि. रहेको छ । यस जिल्लालाई आठ अ को जिल्ला पनि भनिन्छ । जस अन्तर्गत अलैची,अदुवा,अर्थोडक्स चिया,अकबरे खोर्सानी, ओलन, अम्लिसो, आलु, रअतिथि सत्कार पर्दछन् ।

मेची अञ्चल भित्रका ४ जिल्लाहरु मध्ये इलाम पनि एक हो । यस जिल्लाको कुल जनसंख्या २९०२५४ छ । जसमा पुरुषको संख्या १,४१,१२६ छ भने महिलाको संख्या १,४९,१२८ छ । यस जिल्लामा गा.वि.स. र ३ नगरपालिका रहेका छन् । (तथ्याङ्क विभाग, २०६८) यस जिल्लाको प्राय जसो सबै ठाउँमा राईहरु बसोबास गर्दै आएका छन् ।

## ४.२ शान्तिडाँडा गाउँ विकास समितिको सामान्य परिचय

इलाम जिल्लाको सदरमुकामबाट करिव १० कि. मि. पश्चिममा रहेको यस गा.वि.स. को नाम शान्तिडाँडा हो । यस गा.वि.स. को पूर्वमा इलाम नगरपालिका र बरबोटे गा.वि.स. पश्चिमा मंगलबारे गा.वि.स. उतरमा साखेजुङ्ग गा.वि.स.र दक्षिणमा साङ्गरुम्बा गा.वि.स. रहेका छन् । यस गाविसको ऐतिहासिक पृण्ठभूमि अनुसार विगतमा यो गाविस फुटुक र वाफुङ्ग गरी दुई वटा गाविस मा विभाजित रहेको पाइन्छ । यी दुवै गाविसहरुका विच विवाद रहिरहेकाले अन्तमा दुवै गाविसका स्थानइी वासिन्दाहरु फुटुक र वाफुङ्गको संगम स्थल अर्थात दुवै गाविसको डाँडा जहा शान्ति नाम रहेको साधुको चिहान रहेको थियो सो डाँडामा बसी

छलफलद्धारा शान्ति स्थापना गरेकाले यस गाविसको नाम शान्तिडाँडा रहन गएको हो भन्ने भनाइ छ । दुई विभाजित गाविस २०३२ सालको राजनैतिक संशोधन पश्चात एकीकरण भएको हो भनिन्छ । यस गाविसको जम्मा घरधुरी संख्या ११५७ रहेको छ भने कुल जनसंख्या ५६७१ जना रहेको छ । जस मध्ये २७८४ महिला र २८८७ जना पुरुष रहेका छन् । यस गाउँमा विभिन्न जनजातिको बसोबास जसमा राई, लिम्बु, क्षेत्री, ब्राम्हण, नेवार, तामाङ्ग, मगर, कामी, सार्की, दमाई आदि रहेका छन् । यस गाविसमा केही व्यवस्थित हुन् थालेपछि नगदेबालीले व्यापकता पाउन थालेको पाइन्छ । नगदेबालीहरुमा आलु, अम्लिसो, अदुवा, अलैची, चिया र पशुपालन अन्तर्गत दुध उत्पादनमा प्रमुख रुपमा रहेको छ । यसरी आफनो जीवनयापन गर्दै आएको विभिन्न जाति तथा जनजातिहरुको जातिगत जनसंख्या विवरणलाई निम्न लिखित तालिकाद्धारा उल्लेख गरिएको छ ।

**तालिका १**

शान्तिडाँडा गा. वि.स. जातजाति अनुसार जनसंख्या विवरण

| क्र.सं. | जाति समुह | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्हण/क्षेत्री | २७६३ | ४८.७२ |
| २ | राई | १६६५ | २९.३५ |
| ३ | नेवार | ४७२ | ८.३२ |
| ४ | लिम्बु | ३१३ | ५.५१ |
| ५ | विश्वकर्मा | ११७ | २.०६ |
| ६ | सार्की | ८२ | १.४४ |
| ७ | गुरुङ | ७२ | १.२५ |
| ८ | दर्जी | ५४ | ०.९५ |
| ९ | सुनुवार | ५० | ०.८८ |
| १० | मगर | ३८ | ०.६७ |
| ११ | शेर्पा | ३७ | ०.६५ |
| १२ | चौधरी | ५ | ०.०८ |
| १३ | भोटिया | ४ | ०.०७ |
|  | जम्मा | ५६७१ | १०० |

स्रोतः *आवधिक दिगो विकास योजना (२०६७-२०७२)*

माथिका तालिका हेर्दा यस गा.वि.स. मा विविध जनजातिहरू बसोवास गरेको पाइन्छ । सबैभन्दा बढी ब्राम्हण/क्षेत्रीहरुको जनसंख्या ४८.७२ रहेको छ । त्यस्तै प्रकारले राईको जनसंख्या २९.३५ रहेका छन् । त्यसरी नै नेवार, लिम्बु, विश्वकर्मा, सार्की, गुरूङ्ग, तामाङ्ग र शेर्पाको रहेको छ । यीनै जातजातिको संरचनाबाट यस गा.वि.स. बनेको छ ।

## ४.३ भौगोलिक अवस्थिति, सिमाना र क्षेत्रफल

इलाम जिल्लाको सदरमुकाम इलाम बजारवाट करिव १० कि.मि. पश्चिममा अवस्थित शान्तिडाँडा गाविस २६ डिग्री ५५ मिनेट ०६ सेकेन्ड देखि २६ डिग्री ५९ सेकेन्ड उत्तरी अक्षांस र ८७ डिग्री ५१ मिनेट १५ सेकेन्ड देखि ८७ डिग्री ५४ मिनेट ३२ सेकेन्ड पूर्वी देशान्तर बिच रहेको यो गाविस समुन्द्र सतहबाट ७५५ मिटर देखि २०७८ मिटर सम्मको उचाईमा अवस्थित छ । २२.१० वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाविसको पूर्वमा इलाम नगरपालिका र वरवोटे गाविस,पश्चिमा मंगलबारे गाविस,उत्तरमा साखेजुङ्ग गाविस र दक्षिणमा साङरुम्बा गाविस रहेका छन् ।

## ४.४ हावापानी र मौसम

हावापानी समशितोष्ण रहेको यस गाविसको तापक्रम सबैभन्दा उचाईमा रहेको चमैता गाविसको सिमानामा न्युनतम तापक्रम २ डिग्री सेन्टीग्रेड सम्म हुने् गर्दछ र अधिकतम तापक्रम सबैभन्दा तल्लो पुवाखोला गर्मी मौसममा २७ डिग्री सेन्टीग्रेडको हाराहारीमा रहने अनुमान गरिन्छ ।

## ४.५. शैक्षिक अवस्था

जीवनयापनलाई सहज र सरल बनाउनको लागि शिक्षा एउटा आधार स्तम्भ हो भने आर्थिक तथा सामाजिक रुपान्तरणमा समेत अग्रगामी सोचको विकास गर्नमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मानव सभ्यताको साथसाथै शिक्षाले पनि विकास हुदै आएको छ । अध्ययन क्षेत्र शान्तिडाँडा गाविसको ९ वटा वडामा जम्माजम्मी ८ वटा विद्यालय रहेको छ ।

## ४.६ बसोबास

यहाँका वान्तवा राईहरुको बसोवास क्रमस तल देखि माथि वा माथि देखि तल तिर लहरै घर बनाई बसोवास गरेको पाइन्छ । यसरी यीनीहरुले घरको बसाईको स्थितिलाई हेरेर टोलहरु छुट्याई टोलहरुको नामकरण गरी विभाजन गरेको छ । यसरी यीनीहरु घर वस्दा एकै ठाउँमा सामुहिक रुपमा एउटै ठाउँमा घर नबनाई घरैपिच्छे फरक फरक ठाउँमा एक्ला एक्लै घर बनाई बसेको पाइन्छ ।

घरको बनावटलाई हेर्दा आजभोलि नयाँ किसिमको भुँईतल्ला सहित तीन तला भएको ढुंगा र माटोले बनेको घर जसलाई जस्तापाता, टायल, खरहरले छाएको पाइन्छ भने यहाँका आर्थिक अवस्था कमजोर भएका वान्तवा राईहरुले सालको रुखको खम्वाकाटी सोही खम्वाले मतान (जसलाई उनी नौखाबे, बाह्रखाबे भन्दछन्) बनाई वासको चोयाको चित्रा बनी सोही चित्राले छाई एकतला सम्म छापी बनाई बसेको पाइयो । घर बनाई घरमा उनीहरुको मुख्य देवालयको रुपमा मान्ने चुला गाडी घरपैचो गरी चुला पुजीमात्र घरभित्र पसी बस्ने चलन छ । यी आफू बस्ने घरका अलवा गाईवस्तु, कुखुरा, सुंगुर, बाख्राका लागि सानातिना गोठ तथा कटेरोहरु पनि आफ्नो घर छेउछाउबनाई ती वस्तुभाउहरु, पशु, पंक्षीहरु राखेको पाइन्छ ।

## ४.७ यातायात र सवारी सुविधा

यातायात मानव जीवनको लागि नभई नहुने् चीज हो जसबाट मानिसहरुले आफनो जीवनलाई माथि उकास्न सक्छन् । नेपाल कृषि प्रधान देश भएकोले मानिसहरुले आफनो जीवन धान्नको लागि विभिन्न खेती गरेका हुन्छन् र त्यसलाई बजार सम्म पु-याउनको लागि यातायातले अति महत्वपूण भूमिका खेलेको हुन्छ । यस अध्ययन क्षेत्र शान्तिडाँडा गाविस इलाम नगरपालिकासँग जोडीएको छ । मेची राजमार्गको रहेको शाखाको रुपमा रहेको नेपालटार-मंगलबारे कृषि सडकले यो गाविसलाई चिरेर गएको छ । यस गाविसको अन्य वडाहरुलाई भने सहायक ग्रामीण कच्ची सडकले जोडेको छ । हवाइ यातायातको लागि नजिकको विमानस्थलको रुपमा झापा जिल्लाको चन्द्रगढी विमानस्थल करिब १०० कि. मि. को दुरीमा रहेको छ ।

## ४.८ उद्योग क्षेत्रको अवस्था

यस शान्तिडाँडा गाविसमा ठुला उद्योगहरु संचालनमा रहेका छैनन । यस गाविसमा रहेका घरेलु तथा साना उद्योगहरुको विवरण तलको तालिकामा दिइएको छ।

**तालिका-२**

स्थायी उद्योग धन्दा सम्बन्धी विवरण

| वडा नं | उद्योगको नाम | उत्पादित हुने सामग्रीको नाम | वार्षिक आम्दानी | हालको अवस्था | रोजगारी संख्या | |
|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला |
| ९ | श्री इन्दिरा राइस मिल | कटानी, पिसानी | २००००० | चालु | १ | ० |
| ९ | श्री घिमिरे राइस मिल | कटानी, पिसानी | १००००० | चालु | १ | ० |
| ५ | डेरी | चिज, छुर्पी | १८०००० | चालु | १ | १ |

स्रोत: *आवधिक दिगो विकास योजना (२०६७-२०७२)*

यस गाविसको घरेलु तथा साना उद्योगको रुपमा दुध डेरी तथा कुटानी पिसानी मिलहरु जम्मा तीनवटा स्थपना भएको छ । यी सबै उद्योगहरु कृषि उत्पादनमा आधारित रहेका छन् । स्थानइी खपतको लागि हाते चियापती घरमा नै सुकाएर तयार पारिन्छ । यस गाविसमा उत्पादित दुध चाहि संकलन केन्द्र मार्फत बरबोटे चिस्यान केन्द्रमा लगिन्छ ।

# पाचौ अध्याय

## बान्तावा जातिको सामाजिक अवस्था

### ५.१. राई जातिको उत्पत्ति

नेपालको मध्यकाल (सन ८८० देखि १७६८) तिर "राजा" अर्थबोधक "राय" शब्दको विग्रिएको रुप "राई" हो, जसले जात जनाउदैन, न त "किरात" नामले नै । तर प्राचीन किरात मानिएको एउटा समुहलाई नेपालमा खासगरी राजा रणबहादुरका शासनकालदेखि राई जातबाट चिनिदै आएको छ । यस समुहले आफनै भाषामा चाहि कथित राई र लिम्बुको संयुक्त जातिकै नाम "खम्बोङबा" थियो भन्ने केही इतिहासकार एंव समाजशास्त्रीको दाबी भए पनि इतिहास प्रामाणिक त्यसको साक्ष्य पाइन्न । आजकाल राई, लिम्बु नाम जात नै बनिसकेका छन् ।

वि.स. १९०५ (१८४८) मा श्री ३ जङ्गबहादुर राणबहादुर राणाले "राई-लिम्बु" मात्र सम्मिलित भैरवनाथ पल्टन खडा गरेपछि देखि भने "राई-लिम्बु" जात धारी किरातहरु राजधानी काठमांडौतिर फाट्टफुट्ट देखापर्न थालेका विश्वास गरिन्छ । हुन् त यसै भूमिमा उनीहरुको पूर्खाहरु लामो राजवंशको रजगजपछि लिच्छवीद्वारा पराजित भएर वर्तमान किरात प्रदेशतर्फ लागेका इतिहास छ । तर त्यस्ताका नेपालमा राज्य गर्ने राजवंशलाई प्राचीन ग्रन्थहरुमा किरात भनिएका छन् । त्यही किरात राजवंशको वंशजहरु आजका यीनै "राई-लिम्बु" हुन् भन्नेमा सवै इतिहासकारहरुको मर्तेक्य छ । "राई" शब्दको प्रचलन हुन् अगाडि वर्तमान राईहरु "खम्बु" भनिने गर्थे भन्ने कसै कसैको मतलाई अस्वीकार गर्दै डा. स्वामी प्रपन्नचार्यले लेखेका छन् । कि राई किरातहरु आजको मास किराततिर काठमांडौं भेकबाट आठौ शताब्दीतिर पसेका थिए ।

### ५.२. शान्तिडाँडा ३ शिसुवाका बान्तवा राईहरुको इतिहास

बान्तावा राई यस शान्तिडाँडा गा.वि.सका अरु ठाउँपनि बसोबास गर्ने गर्दछ । यस वडाँ ३ शिसुवा बस्ने बान्तावा राईहरुको सन्तान वडाँ न. ६ मा रहेका छन् । ती सबैको पूर्खा एउटै हो भन्ने कुरा बताउँदछन् । यस वडामा बस्ने बान्तावा राईहरुको आफनै इतिहास पाइन्छ राई जातिको अधिक बसोबास गर्ने जिल्लाहरु भोजपुर, खोटाङ्ग, सोलुखुम्वु आदि जिल्लाहरु पर्दछ । यी

जिल्लाहरुमध्ये भोजपुरको सायालावुङ भन्ने ठाँउबाट टोकल सिँह राई भन्ने व्यक्ति आएर यस ठाउँमा बसोबास गार्न थाले । तिनै व्यक्तिको सन्तान ह्ाल बसोबास गर्दे आएको बान्तावा राई जाति हुन् भन्ने जानकार व्यक्तिहरु बताउँछन् । हाल ४० घरधुरीमा मानिसहरु बस्दै आएका छन् । निज टोकल सिंह राई कुन समयमा यो क्षेत्रमा आएर बसोबास गरे सो बारेमा यकिन भने छैन ।

## ५.३. जनसंख्या

जनसंख्याको स्वरूपले गर्दा नै कुनै ठाउँको समाजको सामाजिक र आर्थिक जीवन पद्धतिमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव परिरहेको हुन्छ । समाजको सामाजिक क्रियाकलाप त्यहाँको मूल्य मान्यताहरू हेर्न र बुझ्न त्यस क्षेत्रको जनसंख्याको अवस्थाको बारेमा सही जानकारी हुन् आवश्यक पर्दछ । यस अध्ययन क्षेत्रमा अन्य जातजातिहरुको बसोबास भएता पनि बान्तावा राईहरुको बारेमा मात्र अनुसन्धान गरी जनसंख्याको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका-३**

**वडा नं. ३ का बान्तावा राईहरुको उमेर र लिङ्गका आधारमा जनसंख्याको विवरण**

| उमेर समुह | पुरुष | | महिला | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| ०-५ | ५ | ५.१५ | ६ | ७.०५ | ११ | ६.०४ |
| ६-१५ | १३ | १३.४० | १२ | १४.११ | २५ | १३.७३ |
| १६-५९ | ६९ | ७१.१३ | ५८ | ६८.२३ | १२७ | ६९.७८ |
| ६० देखि माथि | १० | १०.३० | ९ | १०.५८ | १९ | १०.४३ |
| जम्मा | ९७ | १०० | ८५ | १०० | १८२ | १०० |

*स्रोत :- स्थलगत अध्ययन(२०७३)*

माथिको तालिका अनुसार छनौट परिवारको जम्मा जनसंख्या १८२ रहेको थियो । जसमध्ये ५३.२९ प्रतिशत पुरूष र ४६.७० प्रतिशत महिला रहेका छन् । यस तालिकामा ०-५ वर्ष उमेर समूहको जनसंख्यालाई शिशुको रुपमा, ६- १५ वर्ष सम्मको जनसंख्यालाई विद्यालय जाने उमेरको बालबालिकाको रुपमा लिइएको छ । यस्तै गरी १६-५९ वर्ष उमेर समूहको जनसंख्यालाई आर्थिक एवम सामाजिकरुपले सक्रिय जनसंख्याको रुपमा र ६० वर्ष भन्दा माथिको जनसंख्यालाई निस्क्रिय जनसंख्याको रुपमा लिइएको छ । ६० वर्ष भन्दा माथिको जनसंख्या पुरै बसेर खाने चाहिँ हुँदैनन । सक्रियरुपले काम गर्न नसके पनि धार्मिक एवम् सांस्कृतिक क्रियाकलापमा यो जनसंख्या निकै सक्रिय रहेको पाइन्छ । तालिकाबाट प्रस्ट हुन्छ कि ०-५ वर्ष उमेर समुहको जनसंख्या भन्दा ६ देखि १५ वर्ष उमेर समूह जनसंख्या बढी देखिन्छ । १५-५९ वर्षको उमेरको जनसंख्यालाई आर्थिक उपार्जन गर्न सक्षम उत्पादक जनसंख्याको रुपमा लिन सकिन्छ । यस राई जातिमा यो उमेरको जनसंख्या सबभन्दा बढी देखिएको छ ।

## ५.४. बसोवासको स्थिति र घरको बनावट

यहाँका बान्तावा राईहरुको बसोवास क्रमस तल देखि माथि वा माथिदेखि तल तिर लहरै घर बनाई बसोवास गरेको पाइन्छ । यसरी यीनीहरुले घरको बसाईको स्थितिलाई हेरेर टोलहरु छुट्याई टोलहरुको नामकरण गरी विभाजन गरेको छ । यसरी यीनीहरु घर वस्दा एकै ठाउँमा सामुहिक रुपमा एउटै ठाउँमा घर नबनाई घरैपिच्छे फरक फरक ठाउँमा एक्ला एक्लै घर बनाई बसेको पाइन्छ ।

घरको बनावटलाई हेर्दा आजभोलि नयाँ किसिमको भुँईतल्ला सहित तीन तला भएको ढुंगा र माटोले बनेको घर जसलाई जस्तापाता, खरले छाएको पाइन्छ भने यहाँका आर्थिक अवस्था कमजोर भएका बान्तावा राईहरुले साल, उतीस र चिलाउने रुखको खम्वाकाटी सोही खम्वाले मतान (जसलाई उनी नौखाबे, बाह्रखाबे भन्दछन् ) । बनाई बाँसको चोयाको चित्रा बनी सोही चित्राले छाई एकतला सम्म छापी बनाई बसेको पाइयो । घर बनाई घरमा उनीहरुको मुख्य देवालयको रुपमा मान्ने चुला गाडी घरपैचो गरी चुला पुजीमात्र घरभित्र पसी बस्ने चलन

छ । यी आफू बस्ने घरका अलवा गाईवस्तु, कुखुरा, सुंगुर, बाख्राका लागि सानातिना गोठ तथा कटेरोहरु पनि आफ्नो घर छेउछाउबनाई ती वस्तुभाउहरु, पशु, पंक्षीहरु राखेका हुन्छन् ।

**तालिका-४**

**घरको बनोटको आधारमा घरसंख्याको विवरण**

| घरको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| भूईघर | १० | २५ |
| एकतले | १४ | ३५ |
| दुईतले | १६ | ४० |
| जम्मा | ४० | १०० |

*स्रोत :- स्थलगत अध्ययन(२०७३)*

## ५.५. परिवारको किसिम

परिवार भनेको एउटै धुरीमा बसी एउटै भान्सामा खाना पकाएको, खाना खाने आमा, बाबु, छोरा-छोरी रहेको समुहलाई परिवार भनिन्छ । बान्तावा राई जातिमा पनि अन्य समुदाय जस्तै पितृसतात्मक रहेको पाइयो जस्तो घरधुरी सर्वेक्षण गर्दा वावुको थर जे थियो सोही अनुसार घरका अन्य सदस्यहरु श्रीमती , छोरा, छोरी , बुहारी, नाति को थर पनि त्यही रहेको पाइयो । त्यसैगरी सम्पति पनि बुवाबाट छोरामा हस्तान्तरण हुन् गरेको र घरको हरेक अधिकार पुरुषसँगै महिला पनि निर्णय प्रक्रियामा सहभागी रहेको पाइयो । राई समुदायमा वैवाहिक सम्बन्धको नातेदारी भन्दा रक्त सम्बन्ध नटुङ्गिने पाइयो  जस्तो श्रीमान र श्रीमती एक आपसमा नमिले अलग हुन् पाउने वा सम्वन्ध टोडने तर बाबुआमा, छोराछोरी, दाजुभाइ, दिदी बहिनीको नाता नतोडिने पाइयो मर्दा पर्दा नातेदार नै चाहिने भएकोले पनि यो सम्वन्ध बलियो रहेको पाइयो ।

राई समुदायमा एकल परिवार र संयुक्त परिवार गरी दुई प्रकारका परिवार रहेको पाइयो जसलाई  तालिका मा प्रस्तुत गरिएको छ ।

### तालिका-५

### शिसुवाका बान्तावा राईहरुको पारिवारिक विवरण

| पारिवारीक संरचना | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | २९ | ७२.५ |
| संयुक्त परिवार | ११ | २७.५ |
| जम्मा | ४० | १०० |

*श्रोतः कार्यक्षेत्र अध्ययन, (२०७३)*

तालिका ३ मा एकात्मक परिवार ७२.५ प्रतिशत र संयुक्त परिवार २७.५ प्रतिशत रहेको पाइयो । जसमा एकात्मक परिवार ४५ प्रतिशत बढी रहेको थियो । यस समुदायमा पनि एकात्मक परिवारमा बस्न बढी रुचाएको अध्ययन क्षेत्रमा पाइयो । यसो हुनुको मुख्य कारण राईहरुको जग्गा जमिन कम भएको र प्राय जसो युवा युवतीहरु विवाह गर्नासाथ बाबुआमासँग अलग्गिने र अन्य कुनै व्यवसायमा लाग्ने गरेको ले एकात्मक परिवारको संख्या बढेको राईहरु बताउँछन् । यसरी राई समुदायको परिवारमा पनि परिवर्तन हुँदै गएको पाइयो ।

## ५.६. वैवाहिक स्थिति

हरेक समाजमा कुन उमेर विवाह गर्ने भन्ने कुरा समाजको आ-आफ्नो मान्यता रहेको हुन्छ । मानवशास्त्रीहरुले यसलाई घरपरिवार विकास चक्रको एउटा महत्वपूर्ण प्रकृयाको रुपमा व्याख्या गरेको पाइन्छ (फ्रिक, १९९३) । यस जातिमा पनि कुन उमेर विवाह गर्ने भन्ने कुरा आफ्नै किसिमको मान्यता पाइन्छ । समाज परिवर्तनसँगै अलिक ढिलो र आफ्नो राजीखुशीमा विवाह गरेको पाइयो । यस अध्ययन क्षेत्रमा बान्तावा राईहरुको वैवाहिक स्थितिको निम्न आधरमा वर्गीकरण गरी निम्न तालिकामा उल्लेख गरिएको छ ।

### तालिका - ६

### वडा नं. ३ का बान्तावा  राईहरुको बैवाहिक स्थितिको विवरण

| | पुरुष | | महिला | | कुल संख्या | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अविवाहित | २५ | ३०.०५ | १७ | २६.१५ | ४२ | २९.३७ |
| विवाहित | ४७ | ५२.५६ | ४० | ६१.५३ | ८७ | ६०.८३ |
| विधुवा/विधुर | ७ | ७.६९ | ८ | १२.३० | १५ | १०.४८ |
| जम्मा | ७८ | १०० | ६५ | १०० | १४३ | १०० |

*स्रोत :- स्थलगत अध्ययन (२०७३)*

माथिका तालिका अनुसार वान्तावा राइहरुको वैवाहिक स्थितिलाई हेर्दा आधा विवाहित संख्या **७ अर्थात्** ६०.३, अविवाहित संख्या अर्थात् २९.३६ र विधुवा/विधुवि संख्या १५ अर्थात् १०.४८ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा यस जातिमा विवाहित संख्या बढी देखिएको छ ।

## ५.७. बान्तावा राई जातिको शिक्षाको अबस्था

नेपालमा राई जातिमा अन्यजातिको तुलनामा साक्षरता प्रतिशत निकै कम देखिन्छ । अध्ययन क्षेत्र शान्तिडाँडा ३ मा बसोबास गर्ने राई जातिमा शिक्षाको स्तर अन्य जातिको तुलनामा कमजोर पाइन्छ । तापनि हाल शैक्षिक जागरणका कारण आफ्ना बालबच्चाहरूलाई विद्यालय पठाउने क्रम जारी रहेको पाइन्छ । यस क्षेत्रका राई जातिको लागि अध्ययन गर्ने विद्यालय नजिकै भएको कारण सवैजसो बालवच्चाहरू विद्यालय जाने गरेको देखिन्छ । विद्यालय शिक्षाबाट बञ्चित राईहरूले प्रौढशिक्षाबाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । यस क्षेत्रका राई जातिमा मा.वि. वा सो भन्दा माथि अध्ययन गर्ने जनसंख्यामा कमिक वृदि हुँदै गइरहेको देखिन्छ । त्यसका साथै विद्यालय गए पनि बिचैमा पढाई छोड्ने प्रवृति पनि त्यतिकै मात्रामा

रहेको देखिन्छ । यस गाउँका राई जातिको शैक्षिक स्थिति के कस्तो भन्ने कुरा तलको तालिकामा देखाएको छ ।

**तालिका -७**

**राई जातिको शिक्षाको अवस्था**

| शैक्षिक अवस्था | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| निरक्षर | ११ | १३.९२ | १५ | १४.५६ |
| साक्षर | १६ | २०.२५ | १२ | ११.६५ |
| प्राथमिक शिक्षा | १८ | २२.७८ | ३० | २९.१२ |
| नि.मा.वि शिक्षा | ९ | ११.३९ | १३ | १२.६२ |
| मा. वि. शिक्षा | १० | १२.६५ | १३ | १३.५९ |
| उच्च मा.वि | ८ | १०.१२ | १५ | १४.५६ |
| स्नातक | ५ | ६.३२ | ४ | ३.८८ |
| स्नातकोत्तर | २ | २.५३ | - | - |
| जम्मा | ७९ | १०० | १०३ | १०० |

*श्रोत : कार्य क्षेत्र अध्ययन, २०७३*

तालिका ४ अनुसार राई महिला निरक्षर संख्या १३.९२ प्रतिशत रहेको थियो भने पुरुष निरक्षर संख्या १४·५६ प्रतिशत रहेको पाइयो । त्यस्तै गरी महिला साक्षरता संख्या २०.२५ प्रतिशत रहेको थियो भने पुरुष साक्षरता सख्या ११.६५ प्रतिशत रहेको पाइयो । जसमा पुरुष भन्दा महिला ८.६ प्रतिशत वढि साक्षर रहेको पाइयो ।

यसरी हेर्दा राई समुदायका मानिसहरुमा पढनु पर्छ भन्ने धारण रहेपनि पढाई पुरा नगरेको पाइयो अध्ययन क्षेत्रमा विधालय भएपनि यस समुदायका मानिसहरुमा पढाईलाई

विचैमा छोडने प्रवृति वढि रहेको पाइयो जसमा आर्थिक अवस्थाले पनि मुख्य भूमिका खेलेको पाइयो ।

## ५.८. स्वास्थ्य स्थिति अवस्था

स्वास्थ्य जीवन बाच्न पाउनु मानिसको नैसर्गिक अधिकार भित्र पर्दछ । यस गा.वि.स.मा एउटा स्वास्थ्य चौकी रहेको छ । जसबाट यस गाउँका जनताले स्वास्थ्य उपचार गर्न पाइरहेका छन् । यहाँका मानिसहरु ईश्वर, भूतप्रेत रुढीबादी कुरामा पनि विश्वास गर्दछन् । कुनै पनि परिवारको मानिस बिरामी भएमा धामी विजुवालाई जोखाना हेराउने तथा सो बमोजिम देवतालाई भाकल गरेर कुखुरा, सुगुर, अण्डा आदि चढाउने गरेको पनि पाइयो । शिक्षित परिवारमा समेत पहिला धामी विजुवालाई हेराएर मात्र अस्पताल लैजाने गरेको पाइन्छ ।

## ५.९. सन्तानप्रतिको दृष्टिकोणः

नेपाली समाज पितृसत्तात्मक समाज भएकोले स्वाभाविक रुपमा छोरा र छोरीका विचमा विभेद पाइएको छ । घर, परिवार र समाजमा छोरा र छोरीलाई गर्ने मा केही विभेद गर्दै आएको पाइन्छ । यस बान्तावा राई जातिमा अरु जातिमा जस्तो सन्तान प्रति गर्ने विभेद भने कम नै पाइन्छ तर अछुतो भने पाइएको छैन । समयको गतिशिलतासँगै यस समुदायमा सन्तानप्रतिको दृष्टिकोण धेरै परिवर्तन आइसकेको पाइन्छ । विगतमा नारी शिक्षालाई वेवास्था गर्नेहरु पनि अहिले सचेत भई सबैको लागि शिक्षा अनिवार्य ठानेको पाइन्छ । यस अध्ययन क्षेत्रमा हेर्नेहो भनी साक्षरता अभियान कार्यक्रमबाट धेरै यस समुदायका महिलाहरु साक्षर भएका छन् । त्यस्तै उच्च शिक्षाको तथ्याङ्कलाई जनसंख्याको अनुपातमा महिला अगाडि देखिन्छ । यस समुदायमा छोरी चेली हरेक संस्कार र चाडपर्वहरुमा अनिवार्य हुनुपर्ने भएकोले अरु समुदायमा भन्दा कम नै विभेद भएको पाइन्छ। यस राई जातिमा महिलाको निर्णय गर्ने अधिकार प्रदान गरिएको हुन्छ । कामको आधारमा महिला र पुरुषमा अन्तर भने पाइन्छ । महिलाहरु घरायसी र कृषि दुवै काममा बढी सक्रिय छन् भने पुरुषहरु प्राय बाहिरी काममा मात्र बढी सक्रिय भएको पाइन्छ । हाल वैदेशिक रोजगारीको लागि अधिकांश युवाहरु विदेश गएकाले घरायसी र कृषि दुवैमा महिलाले सम्हालनु पर्ने बाध्यता आइपरेको देखिन्छ ।

## ५.१०. समाजमा महिलाको स्थिति

नेपाली समाजको विद्यमान सामाजिक संरचनाको स्थितिलाई हेर्ने हो भने समाज पितृसत्तात्मक पारिवारिक संरचनामा आधारित रहेको छ । यद्यपि यस राई जातिमा महिलाको स्थितिलाई हेर्ने हो भने घरभित्रको निर्णय प्रक्रियामा महिलाको भूमिका महत्वपूर्ण देखिन्छ ।यस समुदायमा महिलाको मुख्य काम भनेको नै घरेलु क्रियाकलापहरु जस्तैः-घरधन्दा मेलापात, वनजङ्ल जाने, जाड रक्सी बनाउने तथा गाईबस्तु कार्यमा नै समय व्यतित गर्ने गर्दछन् । यस जातिमा अन्य जातिको तुलनामा अलि स्वतन्त्रता रहेको हुनाले महिलाको स्थान सम्मानजनक रहेको पाइन्छ ।

## ५.११. दाइजोप्रतिको धारणाः

प्रत्येक जातजातिहरुको आफ्नो परम्परा र रीतिरिवाज हुन्छ । त्यस्तै विवाह पद्धतिमा पनि आफ्नो संस्कृति र परम्पराले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । परम्परा अनुसार दुलहीका माइतीपट्टिकाले दुलहीलाई विदाइको समयमा दिने भौतिक सामाग्रीको रुपमा दाइजोलाई दिइएको पाइन्छ । अरु जातिमा जस्तो यस वान्तवा राईजातिमा दाइजो दिने प्रचलन रहेको पाइदैन । दुलहा दुलहीलाई टिका लगाएर आशीर्वाद दिँदै दक्षिणा दिने चलन भने रहेको पाइन्छ । हाल आएर इष्टमित्रले उपहार स्वरुप सामान्य भौतिक सामाग्रीहरु भने दिएको पाइन्छ । तर कुनै कुनै परिवारको दुलही पक्षले भने मन लागे विवाह पश्चात कुनै पनि बखतमा आफ्ना छोरी तथा दिदीबहिनीहरुलाई सिर उठाउनी भनी आर्थिक तथा भौतिक सहयोग दिएको पाइन्छ ।

## ५.१२. समाजमा अन्य जातिसँगको सम्वन्ध

यस अध्ययन क्षेत्र शिसुवामा पनि विभिन्न जातिहरु छरिएर रहेका छन् । यस स्थानका राई प्राय किरात धर्म मान्ने गर्दछन् र आफनो परम्परा अनुसार चाडपर्व तथा पूजाआजा गर्ने गर्दछन् भने कतिपय क्रियाकलापहरु अन्य जातिसँग मिलेर पनि गर्ने गर्दछन् । गाउँमा आउने साझा समस्याहरुलाई सामुहिक छलफलद्धारा समाधान गर्दछन् । त्यसका साथै विभिन्न सस्कांरहरु जस्तो विवाह, पास्नी, तथा कुनै जस्तो ठूलो कार्यमा पनि अन्य जातिको सहयोगबाट सम्पन्न गर्दछन् । यस जातिको समाजमा अन्य जातिसँगको सम्बन्ध राम्रो रहेको पाइन्छ ।

## ५.१३. रहनसहन

प्रत्येक क्षेत्रमा त्यहाको प्राकृतिक वातावरण, भौगोलिक स्थिति, भौतिक विकास, आर्थिक सांस्कृतिक मान्यता आदिका कारण मानिसको चालचलन रहनसहन प्रभाव परेको हुन्छ । शिसुवाका बान्तावा राईहरु मिजासिलो तथा सरल स्वाभावका पाइन्छ । यीनहरुको बोलीमा नरम र मिठासपन पाइन्छ । यस जातिको आफ्नो भाषा, संस्कृति, रीतिरिवाज, चालचलन, रहनसहन, खानपान, भेषभूषा, गरगहना चाडपर्वहरुमा आफनो छुट्टै पहिचान कायमा राख्दै आएको पाइन्छ ।

### ५.१३.१ भाषा

बान्तावा राईहरुको भाषा भोट बर्मेली परिवार भित्र पर्दछ । यीनीहरुको आफ्नै प्रकारको भाषा छ । बान्तावा भाषा एक भएपनि यसको ४ भन्दा बढी भाषिका रहेका छन् जसमा यस अध्ययन क्षेत्रका बान्तावा राईहरु आम्चोके भाषिकाको प्रयोग गर्दछन् । यीनीहरु आफ्नो घर परिवार तथा समुदायमा बोल्दाखेरी आफ्नो भाषाबाट नै बोल्ने गदर्थे तर आजभोलि यहाँका बान्तावा राईहरुका बुढापाकाहरु बाहेक केटा-केटीहरुले यो भाषा बोल्न छाडेको पाइन्छ । यीनीहरुको आफ्नो मातृभाषालई लोप हुन् नदिन मातृभाषा बोल्न वाल बच्चाहरुलाई उत्प्रेरित गर्नु पर्ने यीनीहरुको भनाइ छ । बुढापाकाहरु एक आपसमा कुरा गर्दा मात्र यीनीहरु आफ्नो मातृभाषाको प्रयोग गर्ने गर्दछन् । सामाजिक तथा धार्मिक संस्कारहरुमा मात्र आफ्नो मातृभाषाको प्रयोग गर्दछन् । यस बाहेक अन्य जातसँग कुरा गर्दा नेपाली भाषामा कुरा गर्दछन् ।

आजभोलि विभिन्न बान्तावा राईभाषाको सरोकार राख्ने व्यक्तिहरु, संघ संस्थाहरुले बान्तावा राई भाषाको शव्दकोषहरु निर्माण गरी प्रकाशन गर्ने गरेको पाइन्छ र प्राथमिक कक्षासम्म बान्तावा राई भाषाको कक्षा संचालन गर्ने भनी पाठ्यक्रम निर्माण गरी कक्षा संचालन गर्न सरकारलाई पाठ्यक्रम दिई कक्षा संचालनको क्रममा रहेको छ । यी जातिहरुको जनसम्पर्कको भाषा भने नेपालीलाई मानेका छन् ।

## ५.१३.२. खानपान

यस क्षेत्रका बान्तावा राईहरुको दैनिक खानपानमा मुख्य वस्तुहरुमा स्थानइी स्तरमा उत्पादित हुने् धान, मकै, कोदो, आदिबाट बनाएका परिकारका साथै तरकारीमा मास, भटमास, दालबाट बनाएका परिकारहरु खान्छन् । दाल, भात, ढिडो, यीनीहरुको परम्परागत खाना हो । यसबाहेक यीनीहरुले तरकारी दैनिक रुपमा खाने गर्दछन् । चाडपर्वहरुमा, पाहुना पात आउँदा दालभात तरकारीका साथै माछा मासुको पनि प्रयोग गर्दछन् । यीनीहरु तरकारीको रुपमा गाउँमै तथा हाट बजारबाट किनेर ल्याएर तरकारी खाने पनि गरेको पाइयो । पेय पदार्थमा आफैले बनाएको कोदो तथा मकैको जाड रक्सी  दिएको पाइन्छ । आफैले पालेका कुखुरा, परेवा,  सुँगुर, बोका आदिको प्रयोग गर्दछ । यी जातिहरुमा चिया भने आजभोलि मात्र कमैमात्रामा पिउने गर्दछन् भने बुढापाकाहरु सुर्ती चुरोट खाने गर्दछन् भने युवापुस्ताहरुमा खैनी सूर्ती खाएको पाइन्छ । यीनीहरुको परम्परागत खाना बाहेक आजभोलिका उत्पादित खानेकुराहरु (चाउ चाउ, बिस्कुट आदि) खाने गर्दछन् । परम्परागत पेय पदार्थहरु मा यीनीहरुको जाड, रक्सी हो भने आजभोलिका उत्पादित रक्सीहरु पनि खाने गरेको पाइन्छ । परम्परागत पेय पदार्थहरु परम्परागत रुपमा नै माटाका भाडा तथा तामा, पितलका भाडाकुडाहरुमा पकाएर, बनाएर, खाने चलन रहेको छ । यीनीहरुको खानपान गर्ने भाडाकुडाहरुमा काचका थाल, डबका, माटाका भाडाकुडाहरु परम्परागतका रुपमा चलाउदै आएका थिए भने आजभोलि यीनीहरुको सट्टा आजभोलि उत्पादित स्टिल तथा प्लाष्टिकका भाडाकुडाहरु अधिक प्रयोग गरेको पाइयो ।

## ५.१३.३. गोत्र, थर (पाछा) र उपथर

यस अध्ययनको सिलसिलामा बान्तावा राईहरुले आफूहरु काश्य गोत्र अन्तर्गत पर्ने बताए भने हामीहरुका पूर्खाहरुले अगाडि अगाडि किरात तथा जिमी नामका पिछाडी लेख्दथे र हामीहरुको पूर्खाहरुले हाम्रो खेतवारीको कुत (रकम) बुझाउँदा कुत (रकम) बुझाएको रसिदमा जिमी लेख्ने गर्दथे । पछि जिमीको सट्टा राई लेख्न थालिएको भनी बान्तावा राईहरु भन्दछन् । जिमी भन्नाले जमिनदार भनी यीनीहरु भन्दछन् । यीनीहरु राईकरण हुन् भन्दा अगाडि आफ्नो नामको पछाडी जिमी लेख्दथे । पृथ्वीनारायण शाहको नेपाल एकीकरण पश्चात जग्गा जमीनको रकम उठाउनका लागि गाउँका टाठा बाठा मानिसलाई जिम्मा दिई जिम्मावालाई एक पगरी

मानी जसलाई राई भनी भनियो उसैलाई राई मान्न थालियो र पछि सवैलाई जिमीको सट्टा राई लेख्न छुट दिएपछि सवै जिमीदारहरुले आफ्नो नामको पछाडी ठूलो मान्छे बन्नको लागि राई लेख्न थालिएको भन्ने भनाइ यहँका बान्तावा राईहरुको पाइयो । यी बान्तावा राईहरुको विभिन्न थर (पाछा) र उपथर पनि रहेको पाइन्छ ।

## ५.१३.४. भेष भूषा तथा गरगहना

भौगोलिक अवस्था र हावापानीले कुनै पनि जातजातिको भेषभूषा लुगाफाटामा गहिरो प्रभाव पारेको हुन्छ । यसै अनुसार यस क्षेत्रका बान्तावा राई जातिहरु पनि लगाउने गर्दछन् । यस ठाउँमा वर्षको ३ महिना जाडोले वित्दछ भने अरु महिना सामान्य गर्मीले बित्दछ । यहाँका छोरीमान्छेहरु चौवन्दी चोलो, र फरिया लगाउने गर्दछन् । पहिला-पहिला कपासको धागो बनाई त्यसैको फरिया बनाई  छिटको सारी (फरिया) लगाउने गर्दथे भने आजभोलि यसको चल्न हराउँदै गएको पाइन्छ । टाउकोमा भने मजेत्रो -जसलाई बान्तावा भाषामा बर्की भनिन्छ । ओड्ने चलन छ । त्यसैगरी नयाँ पिढीका छोरी मान्छेहरुले चौवन्दी चोलो, लुंगी, साडी समयानुसार परिवर्तित समयको प्रभावले यी कुराहरु लगाउन थालेका पाइयो । त्यसै गरी पुराना पिढीका लोग्ने मानिसहरुले पहिला पहिला खाडी कपडाको (कपासको) धोती र भोटो लगाउदथे भने आजभोलिका लोग्ने मासिहरुले दौरासुरुवाल, जुवारीकोट र ढाका टोपी लगाउने चलन छ भने नयाँ पिढीका युवाहरुले सर्ट, पाइन्ट, कोट, ज्याकेट, आदि लगाउने गर्दछन् । समयअनुसारको परिवर्तनको प्रभावले छोरी मानिसहरुमा भैंm छोरा मान्छेमा पनि प्रभाव पारी पुराना आफ्ना पोशाक भेषभूषाहरु लगाउन छाड्दै गएको पाइन्छ ।

बान्तावा राईहरुले आजभन्दा करिव १ पुस्ता अगाडिसम्म आफू तथा आफ्ना परिवारहरुका लागि कपासको धागो काटी कपडा बुन्ने चलन रहेको पाइन्छ । यही कपडाबाट छोरा मान्छेले धोती, भोटे सिलाउने र छोरी मान्छेले चौवन्दी, चोलो,  फरिया, बर्की (मुजेत्रो) बनाई लगाउदथे । यसरी कपडा बुन्ने प्रविधीलाई तान बुन्ने भनिन्थ्यो । यो प्रविधि आजभोलि समयको परिवर्तन साथ साथै विश्व बजारमा आएको आधुनिकीकरणले गर्दा विस्थापित भई लोपोन्मुख अवस्थामा रहेको पाइन्छ । यदाकदा कसै कसैले रहरको रुपमा तान बुन्ने गरेको र छोरामान्छेले त्यस कपडाका दौरा सुरुवाल सिलाई लगाइएको पाइन्छ ।

बान्तावा राईहरुका छोरा मानिसले गहनाको रुपमा कसै कसैले सुनको औठी र सिक्री लगाएको पाइन्छ भने यस जातिका महिलाहरुले भने विभिन्न प्रकारका गर गहनाहरु लगाउने गरेका पाइन्छ । यी गहनालाई लगाउने वा प्रयोग ल्याउने तरिकारको आधारमा ४ तहमा वर्गीकरण गर्न सकिन्छ ।

- शीरमा लाउने गहनाहरु : गदवारी सुन (सुनको फुल) कानढुँग्री, कानमा लगाउने चेप्टे सुन, कानमा लगाउने फुली, कानमा लागउने लुर्के सुन , नाकमा लागउने झुम्के मुन्द्री, बुलाकी, टिका आदि पर्दछ ।
- गलामा लगाउने गहना : कण्ठ, तिलहरी, कम्पनी हारी, जोबीटे हारी, आठआनी, चारआनी हारीहरु पुवालोको माला आदि पर्दछ ।
- हातमा लागउने गहनाहरु : चुरा, काढे चाँदीको चुरा (पहिला-पहिला २८ तोला, १४/१४ तोलाको) चुरा बनाएर लगाउनथे भने आजभोलि लोप भइसकेका अवस्थामा छ । वटारे चुरा औठी आदि ।
- खुट्टामा लगाउने गहनाहरु : २८/२८ तोलाको चाँदीको कल्ली आदि ।

यी गहनाहरुको यस जातिमा आफ्नै महत्व रहेको छ । यस जातिको विवाह हुँदा बेहुलीलाई बेहुलाको तर्फबाट दिने चलन थियो र आजभोलि भने माथि उल्लेखित गरगहनामध्ये सुनको सिक्री चुरा औठीमात्र बेहुलीलाई दिने गर्दछ । चाँदीको गरगहना भने लोप हुने् अवस्थामा रही यीनीहरुलाई प्रयोगमा ल्याउने क्रम कमी हुँदै गएको पाइन्छ ।

माथि उल्लेखित यस जातिको संस्कृतिलाई झल्काउने परम्पागत गहना तथा आभूषणहरु अहिले एकदमै कम मात्रामा लगाइएको पाइयो । यी गरगहनालाई प्रयोगमा नल्याई लोप हुने् अवस्थामा पुगेको पाइयो । कसैले आर्थिक समस्याको समाधान गर्नको लागि आफ्नो पुरानो गरगहना बेची समस्या समाधान गरेको पाइयो । यी परम्परागत गरगहनाको ठाउँमा आजभोलि साधारण गहनाहरु चुरा, पोते, तिलहरी, सुनको सिक्री, औठी, टप, रिङ्ग इत्यादी लगाउने गरेको अध्ययनको सिलसिलामा  पाइयो ।

## ५.१४. धार्मिक अवस्था

राईहरुको धर्मको बारेमा वर्णन गर्दा किरात धर्मालम्वी हुन् भन्ने कुरा सर्वव्यापी छ । किरात धर्म मन्धुम शास्त्रमा आधारित प्रकृतिपूजक धर्म हो । यो धर्म नेपालमा मानिने अन्य धर्म भन्दा बेग्लै विशेषता भएको र सम्भवत सवैभन्दा पुरानो धर्म हो । किराती धर्ममा आकाश, सूर्य, धरती, सिमे, भुमे, नदीनाला, नाग, आगो, जंगल, भिर, पहरालाई पुजा गर्ने चलन रहेको पाइन्छ । आफना मृत पूर्खाहरुलाई ऐतिहासिक पितृत्व शक्ति मानी वार्षिक वा आवश्यक पर्दा न्वागी र अन्य पूजा गर्ने चलन रहेको छ । आफनो परम्परागत धार्मिक, सांस्कृतिक अनुष्ठानहरु सम्पन्न गर्न अदुवा, अक्षता, केराको पात, चोखो जाँड र रक्सी, चरा, माछा, मृग, गोरुको मासु, कुखुरा तथा सुगुरको रगतलाई केराको पातमा राखी अति पवित्र धार्मिक वस्तुको रुपमा मानी आफनो कुल पितृलाई चढाउने गरेको पाइयो । हरेक धार्मिक, परम्परा र संस्कृति सम्पन्न गर्न जान्ने पूर्खा र बाहिरको लागुभागु धपाउन विजुवा झाक्री, बैदाङ धामीहरुको प्रयोग गरिएको पाइन्छ । हरेक बैशाके पूर्णेदेखि औशीसम्म उभौलीको अवसरमा साकेवा, भूमे आदि भनेर भूमि वा प्रकृतिको पूजा गर्ने र उधौलीको समयमा नयाँ वर्षको वाली पाकेको खुसइीालीमा चासोक वा न्वागी चाड मनाइको पाइयो ।

### ५.१४.१. चुलो प्रथा

बान्तव राईहरुले आफ्नो मुख्य कुलदेवताको रुपमा आफ्नो चुलालाई मान्दछन् । यीनीहरुले चुलालाई देवालय भनी पुज्दछन् । देवालयको रुपमा चुलालाई मानी यीनीहरुले मुख्य देवताको रुपमा आफ्नो चुलालाई मानी वर्षमा दुई पल्ट उभौली र उधौली अथवा वैशाखे पूर्णिमा पछिका दिनमा र सोह्र सराद पछिका दिनमा आफ्नो कुल देवताहरुको पुजा गर्दा आफ्नो मुख्य देवताको रुपमा चुलाको पुजा गर्दछन् । चुलालाई बान्तावा राईहरुले दाजुभाइ, घर र नाता तीन किसिमले विभाजन गरी पुजा गर्ने गरेको पाइन्छ । यी चुलाहरुलाई उभौली र उधौलीमा पुज्ने चलन छ । बान्तावाहरुले आफ्नो कुलपुजा गर्दादेखि लिएर विवाह, मृत्यु संस्कारहरुका स्वदेश तथा विदेशबाट रुपिया (पैसा) कमाई ल्याई घर भित्र्याउदा समेत चुलामा देखाउनु पर्ने हुन्छ । यस अवस्थामा चुलाको पुजा गर्ने चलन छ । घरको छोराहरु छुटिएर भिन्न वस्दा उसले चुला अनिवार्य गाड्नु पर्दछ । चुला गाड्दा बिजुवाले आफनो मुन्धुम अनुसार मन्त्र उच्चारण गर्दछन् ।

यसरी चुला गाड्दा देखि लिएर विवाह, मुत्यु संस्कारमा ठूलो चिन्ता बसाउँदादेखि पैसा कमाई ल्याई चुलामा देखाउँदा समेत चुलामा माडैः गर्ने चलन छ ।

## ५.१५. जीवन संस्कार

संस्कार भन्नाले कुनै समाजले जन्मदेखि मृत्युसम्म चलाएका विभिन्न कार्यहरुलाई व्यक्तिले स्वेच्छाले वा करले आफुले त्यस समाज भित्रको एउटा सदस्यका रुपमा स्थापना गर्न मान्य रीतिरिवाजहरुलाई सामाजिक संस्कार भनिन्छ रिट्जर (सन २०००) । हरेक समुदायका आ-आफनै सामाजिक संस्कारहरु रहेको हुन्छ । यी संस्कारहरुले नै समाजलाई अगाडि वढाई रहेको हुन्छ । बान्तावा राई समुदायमा रहेका संस्कार हरु निम्नानुसार छन् :-

### ५.१५.१. जन्म संस्कार

राईहरुको विवाहित महिला यदि लामो समयसम्म पनि गर्भाधानको तयारीमा रहन सकिनन भने पितृले पो रोकेको हो कि भनी चुला तथा पितृपूजा गरेर सन्तानको बाटो खुलाईदेऊ भनी बल माग्ने, पितृको लागि चुलामा वायाकु (पानीको पूजा) दायाकु (तीन चुलाको पूजा) पूजा दुवै चुलामा नै गरिएको पाइन्छ । त्यस्तै गर्भधारण अवस्थामा गर्भवती आमा र बावुले कुनै पनि किसिमको काटमार गर्न नुहने, मृत्युलासलाई छुन नहुने्, बोटविरुवा भाँच्न काट्न नहुने् यी कार्यहरु गरेमा गर्भमा रहेको शिशुलाई नराम्रो हुन्छ भनी बार्ने चलन रहेको पाइन्छ । आजभोलि पनि गर्भअवस्थामा रहेको आमा र उसको श्रीमानले वार्ने चलन रहेको छ । बच्चा जन्मेपछि बच्चाको सालनाललाई ढुङ्रोमा राखेर दुध जस्तो चोप आउने रुख जस्तै चुवा र दुधिलो आदिमा वाधेर राखेमा आमाको दुध धेरै आउँछ भन्ने विश्वास गरिन्छ । छोरा भए भाले र छोरी भए पोथीको खुट्टाले सुत्केरी आमा र बच्चालाई छुवाएर सिया वायु हट पर पर जा है भन्दै धपाइन्छ र कुखुरा काटेको पाइन्छ ।

### ५.१५.२ न्वारान सम्वन्धी संस्कार

बान्तावा राईहरुको साधारण तया बच्चा जन्मेको छोरा भएमा बढीमा छ दिन र छोरी भए ५ दिनमा न्वारान गर्ने गर्दछन् । न्वारान गर्दा यीनीहरुकै बुढी मान्छेले गर्दछन् । छोरा मान्छे

भए चोखो कपासको धागोको कन्धनी, चुरा, कली, पुरानो लुगाको भोटो लगाई दिई हल्लो, जुवा, लेख्नेपाटी, कलम कुखुराको भाले काटेको सिगैं , ढिडो बाट्ने दाबिलो, अगुल्ठोमा बाधेर बुढी मान्छे (मासौमा) ले नाक खुला होस्, दिशा, पिसाव होस्, आँखा खुला होस् भन्दै फलाग्दै घुमाउँदै गर्दछ र छोरी मान्छे भएमा यी धागोको कन्धनी, चुरा, कल्ली तानबन्ने रासी, थुरी, जुवा दावीलो, अगुल्ठोमा बाघी छोराकोमा जस्तै फलाग्दछ । यसवेला बच्चालाई थुम्सेमा राखी आमा बाबु छेउमा वस्दछन् ।

आज देखि तिमी मानव भयौ तिम्रो नाम आजदेखि फलाना हो भन्दै नाम लगाउँछन् । न्वारान गरी सकेपछि सुत्केरी चोखियो भनी हरो, तितेपाती कमेरो र चोखो पानीले घरमा छर्कन्छ । चोखो गर्ने गर्दछ । न्वारन गरी सकेपछि सुतक वार्ने चलन छैन र न्वारान गरी सकेपछि दाजुभाइहरुमा जुनसुकै कार्यहरु गर्नुहुन्छ । सुत्केरी भएको बेलामा भने कुनै पनि शुभ कार्यहरु गर्न नहुने् भनाइ रहेकोले यस अवस्थामा दाजु भाइहरु त्यस्तो कार्यहरु गर्दैनन् ।

## ५.१५.३. पास्नी

छोरी भए ५ महिनामा र छोरा भए ६ महिनामा राम्रो बार पारेर बच्चाको मुख जुठ्याउन प्रचलन नै पास्नी हो भन्ने मान्यताको आधारमा यो संस्कार गर्न थालिएको पाइन्छ । यो कार्य वा संस्कार गर्दा नयाँ चुरा चाँदी वा सुनको, नयाँ कपडा लगाइ दिइन्छ । यो नयाँ कुराहरु बच्चाको लागि खुला हुने् अवसरको रुपमा पनि यो संस्कारलाई लिएको पाइन्छ । नयाँ चुरा, नयाँ लुगा लगाइ दिएपछि थालमा चामल दियो र कलस र दही राखिएको हुन्छ र खानेकुराहरु दाल, भात, तरकारी राखिएको हुन्छ । यसबेला बच्चालाई कन्या केटीले समातेको हुन्छ । सवैभन्दा अगाडि वच्चाको बाबु आमाले दहि चामलको टिका लगाई मोहोर पैसाले ती तीन पल्ट भात खुलाई दिन्छ । यस पछि घरका बाजे बज्यै तथा आगन्तुकहरुले क्रमशः भात खुलाई आशीर्वाद दिने गर्दछन् । यसरी घरका मानिसहरुले र आगन्तुकहरुले क्रमशः भात खुवाई आशीर्वाद दिइ सकेपछि आफ्नो जेथा अनुसारको आगन्तुकहरुलाई भोज भतेर खुवाउँदछन् ।

### ५.१५.४. छेवर

**बान्तावा** राई जातिमा ३ देखि ५ वर्षमा छोराको छेवर गर्ने चलन छ । छेवर गर्दा दियो कलस वाली सेलरोटी टपरीमा राखी गाईको गोठमा लगी गाईको दाम्लाले वाढी केश काट्ने गर्दछन् । यसरी काटिएको केश बच्चाले नदेखोस् भनी कन्या चेलीले टपरामा राखी टपराले नै छोप्दछ । केश काटी सकेपछि सेल रोटी दिई टोपी लगाई दिन्छन् र घरमा ल्याई टिका लगाई आशीर्वाद दिन्छन् । आगन्तुकहरुले क्रमस टिका लगाई आशीर्वाद दिई सकेपछि आफ्नो जेथा अनुसारको आगन्तुकहरुलाई भोज भतेर खुवाउँदछन् ।

### ५.१५.५. **गुन्यु चोली**

बान्तावा राईहरुको बच्चा जन्मेको ३ वा ५ उता प्राय बिजोरी बर्षमा छोरीलाई गुन्यु चोली दिने गर्दछन् । गुन्यु चोली दिएपछि कर्म चलेको भन्ने भनाइ छ । गुन्यु चोली लगाई दिई दही चामलको टिका लगाई आजदेखि तिम्रो कर्म चल्यो भन्दै आशीर्वाद दिन्छन् र आफ्नो जेथा अनुसारको आगन्तुकहरुलाई भोज भतेर खुवाउँदछन् ।

### ५.१५.६ **विवाह संस्कार**

किरात राईहरुको विवाहप्रथा पारुहाङ, सुम्निमा, तोयमा, खियमा, खक्चिलिपुकालबाटै संस्कारगत ढंगले हुदै आएकाले त्यसै रीतिविधिलाई आजसम्म मानी आएको पाइन्छ । आज पनि अनेक कोशेली र रीतहरु ती पूर्खाहरुको नाममा राख्ने चलन हराएको छैन । चिण्डोको चलन हराएको छैन । यीनीहरुको समाजमा प्रचलित विवाह प्रथालाई विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ जस्तैः मागी विवाह, चोरी विवाह, प्रेम विवाह, जारी विवाह, जर्बजस्ती (तान्ने) विवाह, विधुवा (भाउजु बेहोर्ने) विवाह आदि । यी विवाह प्रथाहरुमध्ये यस जातिहरुमा प्रचलित रुपमा रहेको विवाह प्रथाहरुमा मागी विवाह, चोरी विवाह, प्रेम विवाह प्रथा नै रहेको छ भने सामाजिक परिवर्तन, शिक्षाको विकास, सामाजिक चेतनको परिणामस्वरुप जर्बजस्ती विवाह, विधुवा विवाह र जारी विवाह प्रथा भने आजभोलि लोप भइसकेको र यस्ता विवाह प्रथाहरु समाजबाटै हराइसकेको पाइन्छ ।

यी जातिहरुमा आफ्नै हाडनाताभित्र विवाह गर्ने चलन छैन । यीनीहरु विवाह गर्दा नाताभन्दा बाहिरको नाता पर्ने सँग विवाह गर्ने गर्दछन् । त्यसकारण विवाहको बेलामा केटी माग्न जादा दुवै पक्षबाट हाड(माइती) पट्टी सात पुस्ता र पात (चेली) पट्टी पाँच पुस्तासम्म पूस्ता केलाउने चलन आज पनि विद्यमान रहेको पाइन्छ । यदि यति पुस्ताभित्र विवाह भएको विवाहलाई यस जातिहरुले मान्यता दिदैनन् । यी सात पुस्ता र पाच पुस्ता भित्र कसैले विवाह गरेमा विवाह गर्नेहरुलाई त्यस ठाउबाट ठाउ निकाला गरी डाडा कटाउने वा छुटाउने चलन रहेको पाइन्छ ।

### ५.१५.६.१ मागी विवाह

यहाँका बान्तावा राईहरु मागि विवाहलाई सबैभन्दा बढी खर्चालु विवाहको रुपमा लिएको पाइन्छ । यस विवाहमा विवाह गर्न भन्दा अगाडि केटा पक्षका मानिसहरु केटी हेर्न केटीकहाँ केटासहित जान्छन् । यसरी जादा केटा र केटाका बाबु आमा बाहेक नजिकका आफन्तहरु गएर केटीका आफन्तहरुलाई जानकारी दिइ केटी हेरी केटी मन परेको खण्डमा केटी माग्न आएको भनि कुरा चलाउदछन् ।यसरी केटी माग्न जादा केटा पक्षका केटी पक्षबीच कुराकानी चलेपछि केटीलाई माग्न आएको कुरा जानकारी दिई केटीलाई सोधानी गरिन्छ र केटीले मञ्जुरी दिएपछि केटापक्षलाई रक्सी राख्न केटीपक्षले अनुमति दिन्छन् । यसरी रक्सी राखेपछि केटीपक्षबाट आफ्नो भाषामा तपाईहरु कताबाट किन आउनुभएको भनि सोधानी हुन्छ । यसरी केटीपक्षबाट सोधनी भएपछि केटापक्षबाट आफ्नै भाषामा तपाईहरुको घर आगनी बगैँचामा फुल फुलेछ । त्यो फुलको बासना हाम्रो केटाले चाल पाएछ । त्यो फुल मागेर ल्याउनको लागि भनि पठाएकोले पो हामी त आएका हौँ भन्छन् । यसपछि केटीपक्षले यो कुरा सबैलाई सुनाउदछ । त्यसपछि केटीपक्षबाट केटापक्षलाई सोधनी गर्दछ, कसरी लाने ? झ्याई झ्याई डोली बाजासँग एकै चोटी लाने हो की ? सुटुक्कलाने भनि सोधनी हुन्छ । यही बाट नै बान्तावा राईहरुको मागी विवाह होकी चोरी विवाह हो भन्ने छुटिन्छ ।

## ५.१५.६.२ प्रेम विवाह

बान्तावा राई जातिहरुमा सामाजिक परिवर्तन र समयको परिवर्तनको परिणामस्वरुप सामाजिक परिवर्तन र समयको परिवर्तनको परिणामस्वरुप अहिले आएर मागी विवाह र प्रेम विवाह बढी चलन, चल्तीमा रहेको पाइन्छ । यस जातिहरुमा पुराना पिढीका मानिसहरुले बढी मात्रामा मागी विवाह गर्ने गरेको र नयाँ पिँढीका मानिसहरुले समयानुसार प्रेम विवाह गर्ने गरेको पाइन्छ । यो विवाह प्रथम केटा र केटीले तेश्रो व्यक्तिको सहभागिता विना नै आफ्नै इच्छा अनुसार २.४ दिन कतै गएर बस्ने गर्दछ । हुन् त यस जातिमा प्रेम विवाह भए तापनि केटाका आमा, बाबु र केटीका आमाबाबुको दुबैपक्षको सल्लाह र सहमति अनुसार केटी मागेर पनि विवाह गर्ने चलन रहेको पाइन्छ भने यस्ता किसिमको प्रेम, विवाहमा केटा केटीका आमाबाबुको उक्त विवाहको लागि स्वीकृति अस्वीकृतिको कुनै औचित्य रहदैन । यसमा केटा र केटीको अपसी सल्लाह, सहमति र इच्छा नै सर्वोपरी हुने् गर्दछ ।

यसरी प्रेम विवाहमा केटा र केटीको इच्छाअनुसार २-४ दिन कतै वसेर केटाका घरमा आएपछि बुढापाकाहरु बोलाएर माङे गरी केटी भित्र्याउने गर्दछ । माङे गर्दा केटा र केटीलाई टिका टालो गर्न तयारी बनाई विजुवाले चल्ला काटी चुला पुजी आफ्नो मुन्धुम अनुसार केटीलाई मुन्धुम (रिदुम्) भन्दै चुलामा लगाउँदछन् । यसरी चुलामा लगाइसकेपछि उपस्थिति मानिसहरुले उक्त केटा र केटीलाई वैधानिक रुपमा पति पत्नीको मान्यता दिइन्छ र घरको बाबु आमाले दही र चामलको टिका लगाइ दिन्छन् क्रमश आगन्तुकहरुमा केटाका काका-काकी वडा, बढी जो उसले मान्नुपर्ने हुन्छ । उनीहरुले टिका लगाई श्रीमान श्रीमती भएकोमा आशीर्वाद दिदै श्रीमान श्रीमती लाई सफल दाम्पत्य जीवनको कामना गर्दछ ।

## ५.१५.६.३ चोरी विवाह

चोरी विवाहलाई यहाँका राईहरुले साधारण एवं कम खर्चिलो विवाहको रुपमा लिएको पाइन्छ । मागी विवाहमा झै केटा पक्षका मानिसहरु केटीपक्षको घरमा गई कुराकानी राखी कुन किसिमको विवाह गर्ने हो भनी मागी विवाहमा झै सोध्दा केटा पक्षकाले लगन ढाक्न मात्र देउ भनि भन्दछन् । त्यसपछि केटी पक्षकाले केटीलाई लगन ढाक्नको लागि मात्र केटाको घरमा

पठाउँदछन् । यस्तो विवाहलाई उनीहरु सुटुक्क वा चोरी विवाह भन्दछन् । यस्तो विवाहमा केटीलाई फकाउनी राख्नु पर्ने हुन्छ । फकाउने राख्दा थैलीमा पैसा राखी केटीलाई फकाएर लाने चलन छ ।

## ५.१५.६.४ जारी विवाह

**बान्तावा** राई जातिहरुमा जारी विवाह प्रथा आजभोलि प्रायः लोप भइसकेको पाइन्छ । कहिले काही यदाकदा कसै-कसैले अपवादको रुपमा यो विवाह गरेको पाइन्छ । त्यो पनि कुनै बाध्यता वा केटा केटीबीचको प्रेम सम्बन्ध भएमा मात्र हुन् गरेको पाइन्छ । यस किसिमको विवाह प्रथा अपवादको रुपमा यदाकदा रहेको पाइन्छ । कसैको स्वास्नी कसैले लगेको अवस्थामा जारीकल बापत निश्चित रकम र विवाहमा दिइएको गरगहना उक्त पैला जाने आइमाईको पहिलो लोग्नेलाई तिरी बुझाई गरेको पाइन्छ । यदि कसैले श्रीमती जारी गरेर ल्याइसकेपछि जारीकल अथवा जारी छिन्ने काम नसकेसम्म उक्त आईमाईको पहिलो लोग्नेले दोस्रो लोग्ने (जसलाई जार भनिन्छ ) लाई काट्छ भनेर उक्त समयसम्म विशेष किसिमको आफ्नो सुरक्षा गर्ने गरिन्थ्यो । यदि यस अवस्थामा जारलाई भेटी काटी हालेमा पनि त्यस समुदायमा काटेको खतमा पहिलो लोग्नेलाई कुनै किसिमको उजुर, बाजुर, दण्ड सजाय आदि नलाग्ने, नहुने् चलन थियो । त्यसकारण कुनै व्यक्तिले जारी गरेर अर्काकी स्वास्नी ल्याएको खण्डमा पहिलो लोग्ने जारी उठाउन आउने बित्तिकै गाउँका सबै बुढापाका, भद्र, भलादमी भेला भएर जारीकल सहित विवाहमा लगेका सम्पूर्ण खर्च, केटीलाई लगाउन दिएको सम्पूर्ण गर-गहना उक्त दोस्रो लोग्नेलाई तिराउन लगाई पठाइदिने गर्दथे । यसरी जारी विवाह गरी ल्याएका केटा केटीको माङ्गे मात्र गरी दिने चलन छ भने अन्य विवाह संस्कारहरु भने गर्न आवश्यक छैन ।

## ५.१५.७ मृत्यु संस्कार

बान्तावा राई जातिहरुको जीवनको अन्तिम संस्कार हो मृत्यु संस्कार । मृत्यु संस्कारलाई यीनीहरुको जीवनको महत्वपूर्ण संस्कार मानि यीनीहरुले मृत शरिरलाई धेरै नै दयाँ मायाका साथ हेरी सबैजनाले लासलाई हेर्ने गर्दछन् । आजदेखि तिमीले सुखको बाटो

लियौ  राम्रोसँग तिम्रो आत्माले शान्ति पाओस भनी मृत शरीर आत्माको चिर शान्तिको कामना गर्दछन् । यीनीहरुको लासलाई दाहसंस्कार  गर्न  लानु भन्दा पहिला नयाँ लुगाहरु लगाइदिने गर्दछन् । यीनीहरुको मृत्यु हुँदा कसैको घर बाहिर र कसैको घर भित्र भएमा  दाहसंस्कार गर्न लानु भन्दाअगाडि घरको मूल ढोकामा शीर घरभित्र पारी  राखिन्छ । यसरी लास दाहसंस्कार गर्न कोही लास गाढ्ने खाडल खन्न अगाडि नै जान्छन् भने कोही  बाकस बनाउन तिर लाग्दछन् । यीनीहरुलाई आफ्नै जग्गामा  राखी लासको दाहसंस्कार गरिन्छ । दाहसंस्कार गर्न लादा अगाडि अगाडि दाउराको अगुल्टो बुढापाकाले बोकी  हिड्छन् भने एक माना चामल पनि अर्को जनाले बोकी लास दाहसंस्कार गर्ने ठाउतिर जान्छन् । जब दाह संस्कार गर्ने ठाउँमा पुगेपछि नजिकै आगो फुकिन्छ र आगोको छेउमा लास राखेको हुन्छ ।  लास दाह संस्कार गर्ने बेलमा लास गाडर्ने भित्र मलामीहरुको सातो नपरोस भनि भए सम्म धामीले हरियो सेउलाले लास गाडर्ने भित्रको पैतालाहरु सबै मेटी बडारी मुन्धुम गाउदै सातो निकाल्दछन् । चिहानमाथि गोठ बनाईदिने र फुल समेत वरीपरी दिने चलन रहेको पाइन्छ । बान्तावा राईमा मान्छे मरेको दिन घर परिवार र आफन्तहरुले ५ छाक नुन बार्नूपर्छ यदि आमाको मृत्यु भएमा चोखिने समय नआए सम्म दुध बार्ने र काँस थाल छोरीचेलीलाई मर्नेको नामबाट दान गर्नु पर्दछ भने काँसमा पनि खान हुँदैन । साथै शुद्धाई नभए सम्म शुभकार्य गर्न नहुने् त्यसका साथै सुगुरको मासु र सिस्नु खानु हुँदैन भन्ने चलन रहेको पाइन्छ ।

## ५.१५.७.१ जुठो बार्ने विधि

किरात राईहरुले मरेको दिनलाई गणना गरेर विजोडी दिन वा महिनामा पारी चोखिने गर्दछन् । जुठाबाट चोखिने दिन पुन : उक्त मृतकलाई घरको चुलोमा बोलाइ खान दिएर पुनः बलमदेलमा नै पुयाउनु पर्दछ । जुठाबाट चोखिने दिन मृतकको नाममा चिनो चौतारो बनाई, मृतककै परिचय खुल्ने शिलालेख राखी बर पिपल समेत रोपी दिईन्छ ।चौतारोमा मृतकको प्रतीक ढुङ्गा गाडेर त्यसमा नक्षोद्धारा रगतले खन्याउने भात, मासु चढाउने गरिन्छ । यी कामहरु विधिपूर्वक चुला धामीले नै गर्नु पर्दछ ।

## ५.१६. चाडपर्वहरु

प्रत्येक नेपाली समाजमा विभिन्न जात जातिहरुको बसोबास रहेको हुन्छ । ती जात जातिहरुले नेपलको प्रमुख चाडको रुपमा लिएको दशै तिहार लगायतका अन्य चाडपर्वहरु जुन जातईताको आधारमा आ आफ्नो जातइी चाडपर्वहरु पनि मनाउने गरेको पाइन्छ । ती जातजातिहरु मध्येका बान्तावा राईजातिहरु पनि एक हुन् । यी जातिहरुले पनि अन्य जातिहरु झै दशै तिहार लगायतका आफ्ना जातइी चाडपर्वहरु मनाउने गर्दछन् । यी जातिहरुले मनाएका र मनाउदै आएका चाडपर्वहरु तथा तिनीहरुले मनाउदै आएका परम्परागत चाडपर्वहरुका बारेमा निम्न अनुसार व्याख्या गरिएको छ । ती मुख्य मुख्य चाडपर्वहरु निम्नानुसार छन् ।

### ५.१६.१ **साकेला (चण्डी)**

बान्तावा राई जातिहरुले आज भोलि आफ्नो प्रमुख चाडको रुपमा साकेला चण्डीलाई लिएको पाइन्छ । यो चाड प्रत्येक वर्षको वैशाख पूर्णिमादेखि सुरु भई अर्को पूर्णिमासम्म धुमधामका साथ मनाउदछन् । यस बेला यी जातिहरुले आफ्नो कुल पितृको पनि पुजा गर्दछन् । साथै यीनीहरुले यस चाडलाई अन्न बाली छर्न् रोप्न लागि प्रकृतिको पूजा गर्नु पर्छ भनी यस चाडलाई प्राकृतिक पूजाको रुपमा पनि लिने गर्दछन् ।यस बेला यी जातिहरुले जाड रक्सी खाएर, ढोल झ्याम्टा बजाउदै प्रत्येक रात घर घरै तथा बनिएको नयाँ घरमा चण्डी नाच नाच्ने गर्दछन् । साकेला पूज्न भने आफ्नो गाउँमा बनाएको साकेला थानमा गई साकेला पूज्ने दिन सो ठाउँमा धुमधामका साथ ढोल झेम्टा बजाएर नाच्ने गर्दछन् । सो दिन छर छिमेकी गाविसहरुका मानिसहरु पनि आउने र नाची रमाइलो गर्ने गर्दछन् ।

वैशाखे पूर्णिमा पछि सुरु भएको यी बान्तावा राई जातिहरुको चाड यीनीहरुको साकेला पुजे पछि सेउली उखेल्ने दिन भनी साकेला खनेको भोलिपल्टको दिनलाई भन्दछन् । त्यसदिन देखि भने त्यस गाउँमा वा सेउली उखेलिएको गाउँमा चण्डी नाच सिद्धिएको भनी सो नाच नाच्न छोडिन्छ र ढोल झ्याम्टा पनि बजाउनु हुँदैन भनी बजाउन भन्दा अगाडि पूजा गरी निकालिएको ठाउँमै लगेर राखिन्छ । तर अन्य गाउँतिर गएर सो गाउँको साकेलामा भने बजाउने र नाच्ने गर्दछन् । यस चाडलाई उभौली भनी यहाका बान्तावा राईहरुले मान्ने

गर्दछन् । यस चाडमा यीनीहरुले आफ्नो कुल पुत्रहरुको पूजा गरी ढोल झ्याम्टा बजाई नाच्ने, गाउने गर्दछन् ।

उधौली चाड भने मंसिरे पूर्णिमादेखि मनाउन थाल्दछन् । यस बेला भने ढोल, झ्याम्टा बजाई नाच्ने, गाउने गर्दैनन् । केवल आफ्नो देवदेवताहरुको पूजामा मात्र गरी यो चाड मनाउदछन् । सोह्र सरादपछि आफ्नो कुल पूजी यो चाडलाई उधौली भनि मनाउँछन् । यसैबेला बाट नयाँ खाद्यन्न बस्तुहरु जस्तै धान, कोदो, अदुवा आदि चलाउने गर्दछन् । यसरी यस चाडलाई उधौली चाड मानी नयाँ खाद्यय बस्तुहरु चलाउने चाडको रुपमा मनाउने गर्दछन् ।

## ५.१६.२ दशैं

दशैंलाई नेपालीहरुको मुख्य चाडको रुपमा लिई यसलाई सबै नेपालीको चाडको रुपमा लिएको पाइन्छ । यस चाडलाई नेपाली जनताहरुको राष्ट्रिय चाडको रुपमा लिएको पाइन्छ । यसकारण प्रायः सबै नेपालका जातजातिहरुले यो चाड मनाएको पाइन्छ । त्यसैअनुरुप यहाँका बान्तावा राईहरुले पनि यो चाडलाई मनाउने गरेको पाइन्छ । यो चाडमा यीनीहरुले जाड रक्सी, मासु भात, खाएर मनाउने गरेको पाइन्छ । यसबेला यीनीहरुले रागा भैंसी, सामुहिक रुपमा मोलेर काटी बाढी खाने गर्दछन् भने सुगुर प्रायः आ आफ्नो घरमा पालेर राखेका हुन्छन् । यसैलाई यस चाडमा काटेर खाने चलन रहेको छ । यस चाडमा आ-आफ्नो छोरी, चेली आफन्तहरु टिका थाप्न वा लाउन आउने जाने गर्दछन् । तर यस चाडमा अन्य हिन्दु धर्मावलम्बीहरु झै देवी देवताको पूजा गरी मार हान्ने काट्ने चलन भने यीनीहरुको पाइँदैन ।

## ५.१६.३ तिहार

बान्तावा राईजातिहरुले पनि अन्य जातिहरुले जस्तै यो पर्व धुमधामसँग मान्ने गर्दछन् । यो चाड चेली माइतीहरुको लागि विशेष महत्वपूर्ण चाडको रुपमा लिएको हुन्छ । यसले गर्दा यस चाडमा विवाहित चेलीहरु पनि टाढा टाढाबाट माइती पुज्न अर्थात माइतीलाई फुलमाला टिका लगाइदिन माइतीघर आउँदछन् भने माइतीले पनि यसरी आएका चेलीहरुलाई आफ्नो गच्छेअनुसार दक्षिणा, लुगाफाटा दिई चेली माइतीको सम्बन्धलाई अझ प्रगाढ गराउँदछन् । विशेष गरेर यो चाडमा सेलरोटी , मासु, भात, जाड रक्सी खाएर नै मनाउने गर्दछन् ।

तिहारमा छोरी चेलीहरु भैलो खेल्ने गर्दछन् भने छोरा मान्छेहरु देउसी खेल्ने गर्दछन् । यी जातिहरुले काग तिहार देखि भाइटिकाको दिन सम्मलाई विशेष गरेर तिहारको रुपमा मनाउने गर्दछ । देउसी भैलोको अलावा यीनीहरुले यस चाडमा विविध किसिमका सांस्कृतिक नाचहरु नाच्ने गाउने गर्दछन् ।

## ५.१६.४ साउने संक्रान्ति

बान्तावा राई जातिहरुले मान्ने चाडहरु मध्ये साउने संक्रान्ति पनि एक हो । साउनको १ गतेलाई साउने संक्रान्तिको रुपमा मनाउने गर्दछन् । यस चाडमा यीनीहरुले मासु भात खाने, जाड रक्सी खाएर कामले थकित भएको शरीरलाई एक दिन भएपनि आराम दिने गर्दछन् । यस दिनलाई “मानो खाएर मुरु उब्जाउने दिन” भनि भन्दछन् । साथै यस दिनलाई यीनीहरुले अब हामी बाच्यौँ, हामीलाई आवश्यक पर्ने खाने कुराहरु रोप्यौ, अब हामी बाच्छौ भनी पनि यस चाडलाई मनाउने गर्दछन् ।

## ५.१६.५ माघे संक्रान्ति

बान्तावा राई जातिहरुले मान्ने अर्को चाडको रुपमा माघे संक्रान्तिलाई लिन सकिन्छ । प्रत्येक वर्षको माघ १ गतेको दिनलाई माघे संक्रान्तिको रुपमा मनाउने गर्दछन् । यस बेला यस जातिले सेलरोटी, विभिन्न किसिमका तरुलहरु, मासु भात, जाड रक्सी खाएर मनाउने गर्दछन् । यस चाडलाई आउँदा सालसम्म मरिन्छ कि बाचिन्छ यस साललाई भने यो चाड मनाउ भनी मनाउने गरेको पाइन्छ । यस चाडमा विहान चिसो पानीले कोहीसँग नबोलीकन नुहाएमा रोग, कष्ट जान्छ भन्ने विश्वासका साथ यीनीहरु विहानै कोहीसँग नबोली चिसो पानीले नुहाउने गर्दछन् र वन तरुलको टिका लगाई तरुलहरु सेलरोटी खाने गर्दछन् र ब्राह्मणले ल्याएको तिलकको टिका पनि लगाउने गर्दछन् ।

## ५.१६.६. संसारीमाईको पूजा

संसारभरी डुलेर हिडने सात वहिनी देवताहरुको नाममा बान्तावा राईहरुले वर्षमा एकपल्ट वैशाखमा सबै गाँउले मिलेर दामासाही पैसा, चामल, कुखुरा, परेवा उठाएर डाँडामा पुऱ्याएर पूजा गर्ने चलन रहेको पाइन्छ जसलाई संसारी पूजा भनिन्छ । यस पूजाको माध्यमबाट

देसान, मसान, वायु, दोपाया, चौपाया, उडुवा कसैलाई नलागुन परपर हटुन, पानी परेर सबै बगाएर लैजाउन, आधी बेहेरी केही नआवस, वोटविरुवा सरलक्क हुर्किउन भन्ने विश्बासका साथ यो पुजा गरेको पाइन्छ । यो पुजा गरेको दिन पानी परेको कैयौ घटनाहरु पनि छन् । यसरी पानीपरेपछी फोहोर बगाई प्रकृतिलाई सफा बनाउने देवता सन्सरीमाई हो भन्ने विश्वास रहेको पाइन्छ ।

# छैठौ अध्याय

## आर्थिक अवस्था

### ६.१. शान्तिडाँडा ३ को बान्तावा राईजातिको आर्थिक अबस्था

राईहरुको जीविकोपार्जन खेतीपाती नै भएकाले जग्गा जमीनको स्वामीत्वले पेट पाल्ने उद्देश्य मात्र पूर्ति नगराई समाजमा एउटा विशिष्ट स्थान समेत ओगट्छ । सामान्यतया राई जाति नेपालका अन्य जातिहरु भन्दा आर्थिक रुपले कमजोर नै रहेको अध्ययनको क्रममा थाहा पाइयो । उनीहरुसँग तुलनात्मक रुपमा जग्गा जमिन भए पनि त्यसमा पुरानै शैलीको खेतिपाति गर्ने तरिका रहेको जस्तो आधुनिक किसिमका विउ विजनको प्रयोग नगरी पुरानै विउ विजनको प्रयोग गर्ने गरेको पाइयो । आजकाल भने केही केही राईहररुले नयाँ तरिकाले खेतीपाती गर्नुका साथै नगदेवाली गर्न थालेको श्री केशर वहादुराई वताए । हाल आएर प्राय घरका युवा र केही युवतीहरु वैदेशिक रोजगारीको लागि गएकाले यस अध्ययन क्षेत्रमा आर्थिक अवस्था सुधारहुदै गएको पाइयो ।

### ६.२. पेशा

अध्ययन क्षेत्रका राईहरु एउटा मात्र पेशामा निर्भर नभई विभिन्न पेशाहरु अपनाएको पाइयो । यहाँ निम्न आर्थिक अवस्था भएका महिला तथा पुरुष ज्यालादारीमा काम गर्दछन् । यसका साथै बाखा, सुगुर, कुखुरा पाल्ने र ठूलो भएपछि त्यसलाई बजारमा लगी बेची धन आर्जन गर्नुका साथै गाई, भैंसीको दुध संस्थानमा लगी विक्री गरेको पाइयो । राई केटा-केटीहरु स्कुल जाने र फुर्सदको समयमा घरायसी काममा सहयोग गर्ने गर्दथे । त्यसैगरी युवाहरु घर निर्माण गर्ने, काठको ठेक्का पट्टा काम गर्ने र केही विदेश पनि गई आर्थिक उपार्जन गर्ने गरेको बताएको थियो । राई जातिको पेशालाइ निम्नि अनुसार तालिकामा देखाइएको छ ।

**तालिका - ८**

**पेशागत आधारमा आर्थिक रुपले सक्रिय राईहरुको जनसंख्या विवरण**

| पेशा | राई संख्या | | | |
|---|---|---|---|---|
| | महिला संख्या | पुरुष संख्या | जम्मा | प्रतिशत |
| खेती | ३० | १८ | ४८ | ४६.६० |
| नोकरी | ३ | ६ | ९ | ८.७३ |
| वैदेशिक रोजगार | ४ | २१ | २५ | २४.२७ |
| ज्यालादारी | ६ | १० | १६ | १५.५३ |
| व्यापारी | २ | १ | ३ | २.९१ |
| अन्य(भरिया) | - | २ | २ | १.९४ |
| जम्मा | ४५ | ५८ | १०३ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन, (२०७३)*

तालिका ८ अनुसार सबैभन्दा बढी खेतीमा ४६.६० प्रतिशत रहेको पाइयो जसमा महिला ३० जना र पुरुष १८ जना रहेको थियो । त्यस्तै वैदेशिक रोजगारीमा २४.२७ प्रतिशत रहेको थियो । जसमा पुरुष २१ र महिला ४ जना मात्र रहेको पाइयो । यसरी महिला भन्दा पुरुषहरु बाह्य काममा वढि संलग्न रहेको देखिन्छ । जसमा महिलाले घरभित्रका काम गर्नु पर्ने जस्तो वच्चा हेर्ने, खाना बनाउने, घरको सरसफाई गर्ने र पुरुषले घरवाहिरका काम गर्ने भन्ने जुन पितृसतात्मक सोच रहेको हुन्छ । त्यहि सोच यस राई समुदायमा पनि रहेको पाइयो ।

## ६.३. पशुपालन

अध्ययनक्षेत्रका राईहरुले कृषिका अलावा सहायक पेशाको रुपमा पशुपक्षी पालेको थाहा पाइयो । पशुपालनमा गाई, बाख्रा, गोरु, हाँस, कुखुरा, सुगुर आदि पाइयो । जसलाई तालिका ९ मा देखाएको छ ।

तालिका-९

**शान्तिडाँडाका राईहरुले पाल्ने घरायसी पशुपंछीको विवरण**

| पशुपंक्षी | घरसंख्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| गाई/ गोरु | २७ | ४६ | १२.३६ |
| भैसी/रागा | ६ | १५ | ४.०३ |
| बाखा | ३० | ११६ | ३१.१८ |
| कुखुरा | ३७ | १५७ | ४२.२० |
| सुगुर | ३५ | ३८ | १०.२१ |
| जम्मा | | ३७२ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन, (२०७३)*

तालिका नं. ९ अनुसार सबैभन्दा बढी कुखुराको संख्या ४२.२० प्रतिशत रहेको थियो । यसो हुनुमा उनीहरु आर्थिक रुपले थोरै लगानीले छिटो उत्पादन दिने भएकोले साथै घरमा पाउना आउदा समेत खुवाउन चाहिने भएकोले कुखुराको संख्या बढी रहेको पाइयो । त्यसैगरी बाखाको संख्या ३१·१८ प्रतिशत रहेको थियो । यसैगरी गाई/गोरु भैसी/रागा पनि चरिचरणको पर्याप्तताले पालेको पाइयो ।  सुगुरको संख्या १०.२१ रहेको र यसलाई मासु खाने उदेश्यले पालेको पाइयो ।

## ६.४. नगदेबाली

यस अध्ययन क्षेत्रका बान्तावा राईजातिले नगदेवालीलाई अंगाल्दै आएको पाइन्छ । नगदेबालीहरुमा आलु, अदुवा, कुच्चो चिया, अलैची, दूध, र सागसब्जी आदि रहेका छन् । यस अध्ययन क्षेत्रमा आलु अदुवा, कुचो, अलैंची र दुध उत्पादन गरेको पाइन्छ । यहाँ उत्पादन हुने नगदेबाली विक्रीका लागि स्थानइी व्यापारी मार्फत बाहिर लाने गरिन्छ । यसरी विक्री हुने कृषिजन्य नगदेवाली अझैंसम्म पनि भारतइी बजारसँग निर्भर रहेको पाइन्छ । स्थानइी स्तरमा कृषिजन्य उद्योग तथा प्रशोधनको अभावमा नगदेबालीले अपेक्षित रुपमा व्यवसायीकता पाउन

सकेको देखिँदैन । यस अध्ययन क्षेत्रमा उत्पादित दुधलाई वडा नं.४ विजुली भन्ज्याङ दुग्ध संकलन केन्द्रमार्फत दैनिक विराटनगर लैजाने गरिन्छ । साथै स्थानीय व्यापारी श्रीमती शुभद्रा राई ले पनि दुध संकलन गरी कुराउनी तथा ललीपप बनाइएको पाइयो ।

## ६.५. भू-स्वामित्व

यस अध्ययन क्षेत्रमा बसोवास गर्ने सबैको जमीन आफ्नै छन् । यो अध्ययन क्षेत्र पहाडी क्षेत्रमा भएकोले खेतवारीबाट उत्पादन भएको अन्नपातले धेरै समयसम्म खान नपुग्ने बताउँछन् । यस अध्ययन क्षेत्रमा रहेका मानिसहरुको भूमिको विवरण निम्नअनुसार उल्लेख गरिएको छ ।

**तालिका -१०**

**भू-स्वामित्वको सिथिति**

| क.स | जग्गाको स्वामित्व | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३-१० | २० | ५० |
| २ | १०-२० | १२ | ३० |
| ३ | २०-३० | ६ | १५ |
| ४ | ३० भन्दा माथि | २ | ५ |
| जम्मा | | ४० | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन, (२०७३)*

माथिको तालिका अनुसार ३-१० रोपनी जग्गा भएको घरसंख्या २३ रहेको र सबै भन्दा वढि जग्गा ३० रोपनी भन्दा माथि भएको घरसंख्या २ रहेको पाइयो ।

## ६.६. खाद्यान्न पर्याप्तता

यस अध्ययन क्षेत्र एक पहाडी क्षेत्र भएकोले तराईको तुलनामा उत्पादन कम हुने् गर्दछ । जसले गर्दा आफूसँग भएको जग्गाको उत्पादनबाट खान पर्याप्त हुँदैन । खाध्यान्नले नपुगेको अवस्था तराईबाट आयत गरिने खाद्यन्नहरुमा चामल, मकै, दाल, तेल आदि उपभोग

गरेको पाइन्छ । आफ्नो खाद्यन्न उत्पादनले वर्षभर धान्न नसक्ने परिवारले नगदेबालीबाट हुने् आम्दानीद्धारा बर्षभरी खानपुग्ने खाद्यन्न जुटाउने गरेको पाइन्छ । यस अध्ययन क्षेत्रका बान्तावा राई जातिको खाद्यान्न पर्याप्तताको अवस्था हेरी पाँच भागमा विभाजन गरी तल तालिकाद्धारा उल्लेख गरिएको छ।

**तालिका -११**

**खाद्यन्नको पर्याप्ताको अवस्था**

| क्र.स. | खाद्यन्नको पर्याप्ता (महिना) | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १–३ महिनासम्म | ९ | २२.५% |
| २. | ४–६ महिनासम्म | २४ | ६०% |
| ३. | ७–९ महिनासम्म | ५ | १२% |
| ४. | १ बर्षसम्म | २ | ५% |
| ५. | १ बर्षभन्दा माथी | – | – |
| | **जम्मा** | **४०** | **१००** |

*श्रोत : कार्यक्षेत्र अध्ययन, (२०७३)*

माथीको तालिकाबाट के स्पष्ट हुन्छ भने यस अध्ययन क्षेत्रका बान्तावा राई जातिको आफ्नो भू–स्वामत्विका जग्गाबाट आफ्नो परिवारलाई बर्षभरि खाना नपुग्ने अवस्था रहेको थाहा भएको छ। जसमध्ये १–३ महिनासम्म खेतीपातीबाट  खानपुग्नेको संख्या ९ (२२.५%), ४–४ महिनासम्म खानपुग्नेको संख्या २४ (६०%) ७–९ महिनासम्म खानपुग्नेको संख्या ५ (१२%), १ बर्षसम्म खानपुग्नेको संख्या २ (५%) र १ बर्ष भन्दा माथिको संख्या नरहेको तथ्याङ्कबाट स्पष्ट हुन्छ ।

## ६.७. घरमा भएका सुविधाहरु

यस अध्यया क्षेत्रमा गरेको संर्वेक्षणका अनुसार यस ठाउँमा बसोबास गर्ने राई जातिको घरमा आफनो आर्थिक अवस्था अनुसार उपभोग गरेको पाइयो । घरमा रहेका सुविधाहरुलाई निम्नअनुसार तालिकामा उल्लेख गरिएको पाइन्छ ।

## तालिका - १२

## घरमा भएका सुवीधाहरुको विवरण

| क.स | सुविधाहरु | संख्या | प्रतिशत | अन्य सुविधाहरु | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | बत्ती,लालटीन | ४० | ८० | ग्यास | ४ | १० |
| २ | बिजुली | ४० | ८० | ग्यास नभएको | ३६ | ९० |
| ३ | सोलार | १० | २० | गोवर ग्यास | - | - |
| जम्मा | | | | | | |

*श्रोत : कार्यक्षेत्र अध्ययन, २०७३*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका राई जातिहरुको ४० घरधुरी मध्ये ४० घरधुरीमा नै वती, लालटीन र विजुलीको पनि सुविधा रहेको कुरा अध्ययनबाट थाहा भएको छ। अन्य सुविधाहरुखमा ग्यास र सोलारको सुविधा केही घरहरुमा रहेको देखिन्छ।

# अध्याय - सात

# सारांश र निष्कर्ष

## ७.१. सारांश

विभिन्न जातजातिहरु, भाषिक, धार्मिक, सांस्कृतिक र भौगोलिक विविधताले भरिएको एक सानो राष्ट्र नेपाल कला, संस्कृति, रीतिरिवाज, चालचलन मूल्यमान्यता आदिको सम्मिश्रणबाट राष्ट्रिय एकताको निर्माण भएको भूमि हो । विविध जातिको बसोबास रहेको यस देशमा सामाजिक, सांस्कृतिक आधारमा जातइी अध्ययन हुन् थालेको २००७ साल पछि मात्र हो । वि.सं. २००७ सालपछि समाजशास्त्रइी तथा मानवशास्त्रइी दृष्टिकोणबाट स्वदेशी तथा विदेशी विद्धानहरुबाट नेपाली समाजबारे अध्ययन अनुसन्धान हुन् थालेको पाइन्छ तर अध्ययनको परिधिभित्र सबै जाति तथा जनजातिहरुको विस्तृत अध्ययन नसकेको अवस्था छ । हरेक जातजातिले आफ्नो जातइी अस्तित्वलाई सामाजिक संरचनाभित्र कायम राख्न भाषा, संस्कृति परम्परा, रीतिरिवाज, चालचलनको  सम्बर्द्धन र संरक्षणलाई ध्यान दिनु आवश्यक देखिन्छ । यस्तै आफ्नो भाषा, संस्कृति चालचलन भएको जाति तथा जनजातिहरु मध्ये किरात राई जातिलाई पनि एक हो ।

राईहरुको मूलथलो पूर्वी पहाडको इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, भोजपुर, खोटाङ र धनकुटा आदि जिल्ला हुन् । यसका अतिरिक्त नेपालका अन्य क्षेत्रमा पनि बसोबास गर्दछन् । यसै अन्तर्गत इलाम जिल्लाको शान्तिडाँडा ३ शिसुवालाई अध्ययन क्षेत्रको रुपमा चयन गरी त्यस स्थानमा बसोबास गर्ने बान्तावा राई जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको बारेमा प्रकाश पार्ने कोसिस गरिएको छ । यस अध्ययनबाट बान्तावा जातिको सामाजिक र आर्थिक पक्षको बारेमा थोरै भएपनि जानकारी दिनेछ भन्ने आशा राखिएको छ र यस विषयमा अध्ययन गर्न चाहनेहरुलाई जातइी ज्ञान हासिल गर्न सहयोग पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको यस शोधकार्यको लागि इलाम जिल्लाको शान्तिडाँडा गा.वि.स को वडा नं. ३ शिसुवा छनोटमा परेको छ । यस क्षेत्रलाई छनोट गर्नुको कारण शोधकर्ता स्वयम् त्यस क्षेत्रको बासिन्दा समेत हो । त्यसैले शोधकर्तालाई तथ्याङ्क संकलन र अध्ययन अनुसन्धान गर्न सहज भएको छ । यस वडामा ४० घरधुरी कुल जनसंख्या १८२ रहेको छ । जसमा महिलाको कुल जनसंख्या ८५ रहेको छ भने पुरुषको संख्या ९७ रहेको छ । अध्ययन क्षेत्रमा समेटिएको ४० वटा घरधुरीका बासिन्दाको उमेरका आधारमा हेर्ने हो भने ५ वर्ष सम्म उमेर समुहमा पुरुष ५ (५.१५%) जना र महिला ६ (७.०५%) जना ६-१५ वर्ष उमेर समुहमा पुरुष १३ (१३.४०%) जना र महिला १२ (१४.११%) जना, १६-५९ वर्ष उमेर समुहमा पुरुष ६९ (७१.१३%) जना र महिला ५७ (६८.२३%) जना र महिला ९ (१०.५८) जना रहेको छ ।

बान्तावा राई जातिको शैक्षिक स्थितिलाई अध्ययन गर्दा कुल जनसंख्या मध्ये २२ (१२.७९%) निरक्षर, २८ (१६.२७%) साक्षर रहेको छ । त्यसै गरी प्रा.वि सम्म अध्ययन गर्ने संख्या ४२ (२४.४१%), नि.मा.वि. सम्म अध्ययन गर्नेको संख्या २२ (१२.७९%), मा.वि. सम्म अध्ययन गर्नेको संख्या २४ (१३.९५), उच्च मा.वि. सम्म अध्ययन गर्नेमा २३ (१३.३७), स्नातक गर्ने ९(५.२३%) र स्नातकोत्तर गर्ने २ (१.१६) रहेको छ । साक्षरताको अनुपात राम्रो रहे पनि उच्च शिक्षा हासिल गर्ने संख्या कम छ । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने बान्तावा राईहरुको घरको परिवार एकात्मक रहेको पाइयो । एकात्मक परिवारको संख्या २९ (७२.५%) रहेको छ भने संयुक्त परिवारको संख्या ११ (२६.५%) रहेको छ । यसबाट प्रष्ट हुन्छ की बान्तावा राईहरु जातिहरु पनि समय र परिस्थितिसँगै एकात्मक परिवारतर्फ उन्मुख भएको पाइयो ।

बान्तवा राईहरुको आफ्नै प्रकारको सामाजिक जनजीवन पाइन्छ । उनीहरुको बिहान बेलुकी दुई छाक साधारण खाना दाल, भात, ढिँडो, तरकारी आदि पर्दछन् । चाडपर्व, विवाह, भोजभतेरमा जाँडरक्सी, माछामासु, खाने गर्दछन् । मासुमा राँगा, भैसी, सुगुर, कुखुरा, माछा आदि खान्छन् । राई समुदायले बाखाको मासु नखाने भए पनि यहाँका प्रायले जनाले खाने गरेको पाइन्छ । कुल पूजा, विवाह, मृत्यु, संस्कार आदि सर सहयोग र भरापर्म गर्ने सामाजिक परम्परा बनेको छ । यीनीहरुको भेषभूषा र आभूषणहरु पनि साधारण नै पाइन्छ । महिलाहरु

मजेत्रो गुन्यु, पटुकी फरिया, लुङ्गी, चौवन्दी, चोला, साडी आदि लगाउने गर्दछन् भने गरगहनामा नाकमा फूली, ढुंग्री, बुलाकी, कानमा इयरिङ, माडवारी, टप, कुण्डल गलामा तिरहरी, नौगेडी हातमा वाला, चूराहरु औँलामा औँठीहरु लगाउँछन् । तर युवतीहरुले नयाँ डिजाइनका सर्ट पाइन्ट, कुर्ता सुरुवाल फ्रक आदि पनि लगाउन थालेका छन् । पुरुषहरुले दौरा सुरुवाल, टोपी, भोटो, कोट, स्टकोट जस्ता परम्परागत र सर्ट पाइन्ट जस्ता नयाँ डिजाइनमा कपडाहरु पनि लगाउने गर्दछन् । संस्कार कुरा गर्नुपर्दा राई जातिको आफ्नै जातीय संस्कार रहेको पाइन्छ । जन्म, छेवर, पास्नी, विवाह, मृत्यु आदि आफ्नै परम्परागत संस्कारबाट सम्पन्न गर्ने गर्दछ ।

बान्तावा राई जातिहरुमा अधिकांश किरात धर्म मान्ने गर्दछ तर हाल आएर समय र छरछिमेकको प्रभावले धर्ममा केही परिवर्तन भएको पाइन्छ । साथै हिन्दू धर्मको प्रभाव पनि राई जातिमा परिरहेको छ जसले गर्दा यस अध्ययन क्षेत्रका राई जातिहरुले हिन्दू धर्मको मुख्य चाडपर्वहरुमा माघे सक्रान्ति, चैते दशैँ, साउने संक्रान्ति, दशै र तिहार आदि पर्दछन् । साथै जातइी संस्कृति झल्कने नाचमा वैशाखे पूर्णिमा र मङ्सिरे पूर्णिमा नाच्ने साकेला अर्थात चण्डी पर्दछ । आफ्नो जातइी बाजा विनायो तथा मुर्चङ्गा हाल लोप भइसकेका छन् । बान्तावा राईहरुमा व्यक्तिको मृत्यु भएपछि बारीको डिलमा चिहान बनाएर दफन गरिन्छ । दफन गर्न लैजादा विजुवाद्धारा हातमा धनुकाँड बोकी ताँदो चढाएर बाटो खुल्ला बनाउँदै लगेर चिहानमा राखी सबैले मट्टी दिने चलन छ ।

यस अध्ययन क्षेत्रका बान्तावा राईहरु जातिमा दैवी शक्ति र भूत प्रेतमा विश्वास गर्ने भएकाले आफ्नो हरेक धार्मिक संस्कारमा विशेष निष्ठापूर्वक सम्पन्न गर्ने काम गर्दछन् । आफ्नो घरमा गाडेको तीन वटा ढुङ्गाको चुलोलाई आफ्नो कूल देवता मान्ने राई जातिहरुले हरेक कार्य गर्दा यस चुलोको पूजा गरी बल माग्ने चलन समेत रहेको पाइन्छ । बान्तावा राई जातिको कोही सदस्य बिरामी पर्दा विजुवालाई देखाउने चलन छ । तर हाल आएर विजुवाले झारफुक गरेपछि स्वास्थ्य चौकी तथा जिल्ला अस्पतालमा लैजाने गरेको पाइन्छ । गाउँमा रहेको एउटा मात्र उप स्वास्थ्य चौकीबाट बिरामी ठिक नभए जिल्ला अस्पताल तथा नजिक जिल्लाहरु झापा र सुनसरी अस्पताल लगी उपचार गरेको पाइन्छ ।

आर्थिक अवस्थालाई हेर्ने हो भने अध्ययन क्षेत्रका बान्तावा राई जातिको जीवन यापनको मुख्य आधार कृषि नै रहेको छ । साथै सहायक पेसाको रुपमा पशुपालन रहेको पाइयो । कृषिबाट मात्रै जीवन यापन गर्न कठिन भएकाले त्यसको विकल्पको रुपमा यस जातिहरु विदेशी सेनामा र वैदेशिक रोजगारतर्फ पनि अग्रसर भएको पाइएको छ । आर्थिक रुपले सकृय जनशक्ति १२७ (८६.९८%) र निस्कृय जनशक्ति १९ (१३.०१%) जना रहेका पाइयो । यहाँका अधिकांश पुरुष जनशक्ति वैदेशिक रोजगारको लागि गइएको पाइयो । यसैगरी कृषि ागर्ने अध्ययन क्षेत्रका राई जातिहरुको जम्मा भू-स्वामित्वमा ३-१० रोपनी भएको २० (५०%), १०-२० रोपनी भएको १२ (३०%), २०-३० रोपनी भएको छ । (१५%) र ३० भन्दा माथि रोपनी भएको २ (५%) रहेको पाइयो । पशुपंक्षी पालन अधिकांश पाइयो जसमा जम्मा पशुपंक्षी २६२ संख्या रहेको देखियो ।

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने बान्तावा राई जातिहरुको आफ्नो जग्गाबाट परिवारलाई ३ महिना देखि १ वर्षमा खाना पुग्ने खेती भएको पाइयो । कृषिको अलवा ज्यालामजदुरी, नोकरी, वैदेशिक रोजगार र नगदेबालीबाट पनि खाद्यन्नको पर्याप्ततालाई पूरा गरेको पाइयो । बान्तावा राई जातिको मुख्य पेसा कृषि भए पनि हाल आएर देश बाहिर तथा देश भित्रै पनि उनीहरु विभिन्न सरकारी तथा गैरसरकारी कार्यमा सम्मिलित छन् ।

## ७.२ निष्कर्ष

राई जातिहरु नेपालको विभिन्न ठाउँमा छरिएर रहेको छ । इलाम जिल्लाको शान्तिडाँडा गा.वि.स. वडा नं. ३ का बान्तावा राई जातिहरुको जनजीवन आफ्नै किसिमको पाइन्छ । आफ्नै मौलिक, सामाजिक, सांस्कृतिक, परिवेश भित्र आफ्नो छुट्टै किसिमको परम्परा, मूल्य, मान्यता, धर्म, संस्कृति र संस्कार रहेको यस अध्ययन क्षेत्रका राई जातिहरुको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययनबाट विभिन्न तथ्य प्राप्त गरियो । भाषा, संस्कृति र धर्मलाई जातीय अस्तित्वसँग जोडेर हेर्ने गरेका कारण यस जातिमा धर्मप्रति अटुट आस्था रहेको पाइन्छ । आफ्नो धार्मिक कार्य सम्पन्न गर्नका लागि प्राय बान्तावा राई जातिको आफ्नो विजुवा, डापाबाट सम्पन्न गराउँदछन् । यीनीहरुको सामाजिक र आर्थिक अवस्थासँग सम्बन्धित पक्षमा

केही परिवर्तनहरु देखिएका छन् । शान्तिडाँडा गा.वि.स. वडा नं. ३ शिसुवाका बान्तावा राईहरुको सामाजिक, आर्थिक अवस्थाको अध्ययनबाट निम्न निष्कर्षहरु प्राप्त भएका छन् ।

१. यस अध्ययन क्षेत्रका बान्तावा राईहरुको सामाजिक संरचना हेर्दा छिमेकी वडाहरुका बाहुन् तथा क्षेत्रीहरुको बसोबास भएको कारण लामो समयदेखि निरन्तर सम्पर्क भएकोले यीनीहरुको संस्कृति र चाडपर्व केही मात्रामा हिन्दूधर्मको प्रभाव परेको पाइन्छ ।

२. यस बान्तावा राई समुदायमा घरमा क्रिश्चियन धर्मका अनुयायीहरु भएका कारण परम्परागत सामाजिक मान्यतालाई पछ्याई रहेको यो बान्तावा राई समुदायमा परम्परागत धर्म संस्कार संस्कृतिमा केही नकरात्मक असर पर्ने देखिन्छ ।

३) बान्तावा राई जातिमा आफ्नो पाछा मिल्ने सँग विवाहवारी चल्दैन । घरपट्टि सात पुस्ता र मावलीपट्टि पाँच पुस्ता सम्म विवाहवारी नचल्ने हाल आएर पुस्ताको सीमा कमी आएको पाइन्छ । तर हाडनाता सम्बन्धको विवाहलाई भने पूर्ण रुपमा बहिष्कार गरेको पाइन्छ । प्राय प्रेम विवाह नै गरेको पाइन्छ र अन्तरजातीय विवाह समेत समुदाय लचिलो देखिएको पाइन्छ ।

४. यस अध्ययन क्षेत्रमा शैक्षिक अवस्थाको अध्ययन गर्दा साक्षरताको स्थिति राम्रै देखिए एस.एल.सी तथा उच्च शिक्षा हासिल गर्ने संख्या न्यून देखिएको छ । प्राय यी तह सम्म पढेर विद्यालय छोड्ने धेरै रहेका छन् । यसमा कठीन ग्रामीण जीवन बिताउन पर्ने बाध्यता तथा आर्थिक अवस्थाका कारण पढाइ निरन्तरता नदिएको पाइयो । तर हाल आएर जनचेतना र आर्थिक अवस्थाको सुधारले गर्दा मा.वि. तह सम्मको अध्ययन गरेको पाइन्छ । अझ सम्म पनि उच्च शिक्षामा सुधार सन्तोषजनक पाइँदैन ।

५. यस राई समुदायको प्रमुख पेसा कृषि हो । खेतीपाती अहिलेसम्म प्राय परम्परागत रुपमा गरेको पाइन्छ । नगदेबालीमा पनि यस समुदाय आकर्षित भए पनि आधुनिकता भन्दा परम्परागत ढंगलाई बढी प्राथमिकता दिएकाले कृषि उत्पादन क्षमतामा कमी भई यहाँको समुदायलाई कृषिबाट जीवन धान्न विकल्प खोज्नु, परिरहेको छ ।

६. यस समुदायका राई जातिहरुले आफ्नो प्रत्येक चाडपर्व तथा पूजाआजामा अन्नद्धारा तयार पारिने जाँड र रक्सीको आत्याधिक प्रयोग गरी सेवन गर्ने भएकोले स्वास्थ्य र आर्थिक दुवै अवस्थामा नकारात्मक असर पुगेको छ। आफूसँग भइन्जेल अन्नले नै काम चलाउने र सकिएपछि किनेर पनि चलाउनु पर्ने बाध्यताले आर्थिक दुरुपयोग भई खाद्यान्नको अभाव समेत भोग्नु परिरहेको छ । यस्तो खर्चिलो संस्कार र रीतिरिवाजको कारण आर्थिक स्थितिलाई माथि उकास्न सकिदैन भन्ने चेतनाले पनि यो समुदायको ४ घर परिवारका व्यक्तिहरु क्रिश्चियन धर्मको अनुयायी भएको पाइयो ।

# सन्दर्भग्रन्थ सुची

अन्तरिम संविधान (२०६३) “नेपालको अन्तरिम संविधान” काठमाडौँ नेपाल सरकार कानुन विताव, व्यवस्था समिति ।

अर्याल, भोजेन्द्र (वि.स. २०६७), *“मानवशास्त्रमा सैदान्तिक दृष्टिकोण”* काठमाडौं, पैरवी प्रकाशन,

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (२०५८) आदिवासी जनजाति उत्था राष्ट्रिय प्रतिष्ठानको ऐन, काठमाडौँ, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको ऐन, काठमाडौँ, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

किरात राई यायोख्या ( वि.स. २०६६), *“किरात राई जातिको मौलिक धर्म, संस्कार, सस्कृतिमा आएको विचलन र त्यसलाई रोक्नकोलागि अपनाउनु पर्ने रणनीति उपायहरु (अनुसन्धान प्रतिवेदन),* समाजकल्याण मन्त्रालय ।

गुरुङ्ग, ओम (वि.स. २०६७), *“नेपालका आदिवासी आन्दोलनको इतिहास”* काठमाडौं आदिवासी जनजाति उत्थान प्रतिष्ठान ।

गुरुङ्ग, देउमाया (वि.स. २०६७), *“गुरुङ्ग जातिको समाजिक, सास्कृतिक तथा आर्थिक अवस्था सम्वन्धि समाजशास्त्रीय अध्ययन”* एम,ए शोधपत्र, अप्रकाशित

समाजशास्त्र केन्द्रीय विभाग ।

पाण्डे, मधुसुदन (वि.स.२०६५) *“नेपालका जनजातिहरु”* काठमाडौँ पैरवी प्रकाशन ।

प्रपन्नाचार्य (वि.स. २०५१) *“किरातको प्राचीन इतिहास”* बाराणसी मिरघाट ।

फिके, टि.ई, (सन १९९३) हिमालयन हाउसहोल्ड : तामाङ डेमोग्राफी एन्ड डोर्मेस्टिक प्रोसेस.वुक फेथ इण्डिया ।

याक्खा राई दुर्गाहाङ (वि.स.२०५५) *“किरात हिजो र आज”* पहिलो संस्करर्ण किरात राई काठमाडौ, यायोक्खा केन्दिय कार्यसमिति वासवारी ।

राई, इन्द्र (वि.स. २०६१), *“काठमाडौं उपत्यमा किरात कोयी राई जातिको समाजिक, आर्थिक तथा सास्कृतिक जीवन पद्यति एक अध्ययन” एम,ए शोधपत्र,* अप्रकाशित समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग ।

राई, जितकुमार (वि.स. २०६५), *“खोटाङ जिल्ला छिरप्पुडाँडा गा.वि.स. का चामलिङ्ग राईहरुको समाजिक, आर्थिक अवस्थाको एक अध्ययन” एम,ए शोधपत्र,* अप्रकाशित समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग ।

राई, पदम ( वि.स. २०६१), “*सामाजिक तथा भाषिक अध्ययन, काठमाडौँ निप्सुक,* वर्ष ११ पूर्णाङ्क, किराया ।

रिटजर,जी.(२०००), सोसोलोजीकल थेउरी : एमसी ग्रो-हिल इन्टरनेशनल इडिसन न्युयोक ।

विष्ट, डोरबहादुर, (वि.स.२०५०), “*सबै जातको फुलबारी”* काठमाडौं, साझा प्रकाशन ।

विष्ट, डोरबहादुर,(सन १९६७), *"द पिपुल अफ नेपाल"* काठमाडौँ, रत्नपुस्तक भण्डार ।

शर्मा जनकलाल, (वि.स.२०४९) *“हाम्रो समाज एक अध्ययन”,* काठमाडौं, साझा प्रकाशन ( दोस्रो सस्करण)

शान्तिडाँडा गाउँ विकास समिति (२०७१/२०७२) “वस्तुगत विवरण तथा आवधिक दिगो विकास योजना” झापा, प्रेरणा प्रिन्टर्स ।

## परिशिष्ट १

## घरधुरी सर्वेक्षण

## उत्तरदाताको विवरण

नामः...................................        लिङ्ग : ...........................

जातः.................................        धर्मः ............................

टोल............. ...............        जिल्लाः.........................

गा.वि.स. ..........................        वडा नं......... .......

| सदस्यको नाम | उत्तरदाता सँगको सम्वन्ध | लिङ्ग | उमेर | पेशा | शिक्षा | विवाहको किसिम | विवाह गर्दाको उमेर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१) तपाईको परिवारका सदस्यहरु दैनिक ज्याला वा मासिक तलवमा काम गर्नुहुन्छ । विवरण प्रस्तुत गर्नुभई सहयोग गरिदिनु होला ।

| क्र.स. | नाम | लिङ्ग | आम्दानीको स्रोत | औसत मासिक आय | कामगर्ने ठाउँ |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |

२) दश वर्षयता तपाइको परिवारको कोहि सदस्य वैदेशिक रोजगारीमा जानु भएको छ ?

(क) देश (ख) विदेश

३) तपाईको परिवारको स्वामित्वमा जमिन रहेको छ कति छ ?

| विवरण | रोपनी |
| --- | --- |
| खेत | |
| बारी | |

४) तपाइको आफ्नो उत्पादनको तपाईलाई कति महिना खान पुग्छ ?

..........................................................................................................

पुग्दैन भने कसरी धान्नु हुन्छ ?

..........................................................................................................

५) तपाईले पाल्नु भएको पशु पंक्षीको विवरण ।

| नाम | संख्या | नाम | संख्या | नाम | संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## परिशिष्ट. २

## अन्तर्वार्ताको प्रश्नावली विवरण

१) तपाईको गोत्र के हो ? राई जातिभित्र के कति थर हुन्छ ।

..........................................................................................................

२) तपाई छोरा वा छोरी मध्ये कसलाई वढी महत्वपूर्ण दिनु हुन्छ ?

..........................................................................................................

३) तपाईको जातिमा महिलाको स्थिति कस्तो छ ?

..........................................................................................................

४) एकल परिवार र संयुत्त परिवारमा के भिन्नता पाउनु भएको छ ।

..........................................................................................................

५) विरामी पर्दा धामी झाक्री वा अस्पताल कहा पहिला लानु हुन्छ ?

..........................................................................................................

६) विवाहममा दाईजो प्रथा छ कि छैन ?

..........................................................................................................

७) तपाईको जातिमा बच्चा जन्मदा के के गरिन्छ ?

..........................................................................................................

८) तपाईको जातिमा प्रचलित खाना के हो ?

..........................................................................................................

९) तपाईको जातिमा कस्तो वैवाहिक परम्परा रहेको छ ?

..........................................................................................................

१०) तपाईको घरको आर्थिक समस्या कसरी हल गर्नु हुन्छ ?

.....................................................................................................................

११) कृषि बाहेक अरु पेसा के के गर्नुहुन्छ ?

.....................................................................................................................

१२) आफनो जातीय संस्कार गर्दा गर्दा अन्य जातिको सहयोग लिनुहुन्छ कि लिनुहुन्न ?

.....................................................................................................................

१३) तपाईको जातिमा मुत्यु हुदा के के सस्कार गरीन्छ ?

.....................................................................................................................

१४) तपाईको घरमा मनोरञ्जनका साधनहरु के के रहेको छ ?

.....................................................................................................................

१५) तपाईको मुख्य मुख्य चाडपर्व के के हुन ?

.....................................................................................................................

१६) तपाईको घरमा के कस्ता सुविधाका साधनहरु प्रयोग गर्नु हुन्छ ?

.....................................................................................................................

१७) तपाईका घरका सदस्यहरु के के काममा आवद्ध हुनु हुन्छ ?

.....................................................................................................................

१८) तपाईको घरमा बान्तवा भाषाको प्रयोग गर्नु हुन्छ ?

.....................................................................................................................

१९) तपाईको घरमा के कस्ता नगदेबाली लगाईन्छ ?

.....................................................................................................................

२०) तपाईको परिवारमा निर्णय प्रकियामा कस्को भूमिका प्रभावकारी रहन्छ ?

...........................................................................................................................